नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकसेन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)

नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

आइतबार, साउन २९, २०७४ | Sunday, August 13, 2017 | www.newsofnepal.com | नेसं ११३७ गुँला गा: ६ | वर्ष २३, अंक २१५ | पृष्ठ १२ | मूल्य रू. १०/–

AMBE STEELS
दीर्घायु भवः
अम्बे स्टील्स् जे बन्छ, दिगो बन्छ

# बाढीपहिरोको विपत्ति

## करिब ३ दर्जनको मृत्यु, कैयौं बेपत्ता, अनुमान नै गर्न नसकिने क्षति, हजारौं विस्थापित







शिवहरि भट्टराई (सप्तरी), सञ्जय कार्की (रौतहट), गोकुल घोरसाइने (बारा), कुमार श्रेष्ठ (नेपालगन्ज), नरेन्द्र केसी (दाङ), उत्तम नेपाल (झापा), रोशन पराजुली (हेटौंडा), सन्तोष अधिकारी (गोरखा) र अनिल खत्री (गुल्मी) को रिपोर्ट :

बाढीपहिरोका कारण मुलुकका विभिन्न भागमा दर्जनौंको मृत्यु हुनुका साथै अनुमानै गर्न नसकिने क्षति भएको छ। बाढीपहिरोबाट हजारौं मानिस विस्थापित भएका छन्। गृह मन्त्रालयका अनुसार झापामा ४, मोरङमा ३, सुनसरीमा ७, बारामा १, सर्लाहीमा १, बाँकेमा ३, पाँचथरमा ३, दाङमा १, सिन्धुलीमा ४, पाल्पामा १ र बर्दियामा १ गरी देशैभरि करिब ३० जना मानिसको मृत्यु भएको छ भने कैयौं बेपत्ता भएका छन्।

गृहमन्त्री जनार्दन शर्माले बाढी प्रभावित क्षेत्रहरूमा जानका लागि विमानस्थलमा खाद्य तथा उद्धार सामग्री स्टेन्डबाइ राखे पनि मौसम प्रतिकूल भएको कारणले आफू जान नसकेको बताउनुभयो। उहाँले मौसमले साथ दिनेबित्तिकै त्यसतर्फ प्रस्थान गर्ने जानकारी गराउनुभयो।

इटहरी संवाददाताका अनुसार सुनसरीको इटहरी उपमहानगरपालिकाका विभिन्न स्थानमा अत्यधिक वर्षाका कारण शनिबार पानीमा डुबेको अवस्थामा ७ जनाको शव फेला परेको छ। भोजपुर घर भई हाल इटहरी-४ को गौरीगाउँमा डेरा लिई बस्ने माया राईका दुईवटा सन्तान मृत अवस्थामा फेला परेका छन्। उहाँकी ८ वर्षीया छोरी रूपसनी र तीन वर्षीय छोरा रूपेश मृत अवस्थामा फेला परेको पूर्व क्षेत्रीय प्रहरी कार्यालय विराटनगरले जनाएको छ।

त्यस्तै, इटहरी-४ को आइतबारे बस्ने वर्ष ४० का ईश्वर सुनवार, इटहरी-४ को गौरीगाउँ बस्ने वर्ष ३० की माला साह, उनकी १० वर्षीया छोरी सिटी, इटहरी-२० मा बस्ने अन्दाजी ७५ वर्षीय एक वृद्ध र इटहरी-९ मा ३०/३५ वर्षकी एक महिलाको शव भेटिएको प्रहरीले जनाएको छ।

(क्रमशः पृष्ठ ९ मा)

- इटहरीमा ७ जनाको शव भेटियो
- विराटनगर जलमग्न, २ हजार घर डुबानमा, हवाई उडान बन्द, विद्युत् अवरुद्ध, मोरङमा ३ को मृत्यु
- जनकपुर क्षेत्र जलमग्न
- नेपालगन्जमा ३ बालिकाको मृत्यु, १ बेपत्ता
- सिन्धुलीमा पहिरोले एकै परिवारका ४ को मृत्यु
- रौतहटमा बाढीबाट जोगिन ३ सय व्यक्ति एउटै घरमा
- दाङमा १ को मृत्यु, दर्जनौं घर डुबानमा
- बारामा थुप्रै स्थान डुबानमा, घर भत्किएर महिलाको मृत्यु
- मनास्लु पदमार्गको चुम्लिङ र लोकपाको बीचमा पहिरो खसेपछि पर्यटक बीच बाटोबाट फिर्ता
- चितवनका करिब ४ सय घर डुबानमा, नारायणगढ-मुग्लिन सडक खण्डमा फेरि पहिरो, सवारी अवरुद्ध
- सप्तरीमा ३ हजार घर डुबानमा, हजारौं विस्थापित
- झापामा ४ को मृत्यु, ३ बेपत्ता
- महोत्तरीमा थुप्रै बाटा अवरुद्ध
- हेटौंडामा घर भत्किएर १ को मृत्यु
- पाल्पामा १ को मृत्यु
- बर्दियामा १ को मृत्यु

- **वर्षा**: पूर्वमा आज घट्ने, पश्चिममा भोलि
- प्रमको निर्देशन

पृष्ठ ९

## बाँधको ढोका खोल्न भारतलाई प्रस्ताव

काठमाडौं, (नेस)

नेपाल-भारतसँग सीमा क्षेत्रका बाँधको ढोका खोलेर तराईको डुबान समस्या समाधानमा सघाउन सरकारले भारतलाई आग्रह गरेको छ। सप्तकोसीसहित सीमावर्ती क्षेत्रका अन्य बाँधको ढोका खोल्न सरकारले आग्रह गरेको हो।

उपप्रधान एवं परराष्ट्रमन्त्री कृष्णबहादुर महराले शनिबार नेपालका लागि भारतीय राजदूत मञ्जिभ सिंह पुरीलाई तराईको पछिल्लो डुबान समस्या अवगत गराउनुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ। 'उहाँहरूबीच शनिबार पटक-पटक टेलिफोन संवाद भएको छ, संवादलगत्तै भारतीय राजदूतले बाँधका ढोका खोल्ने प्रक्रिया अघि बढाएको जानकारी दिनुभएको छ' -मन्त्री महराका स्वकीय सचिव युवराज चौलागाईंले भन्नुभयो।

राजदूत पुरीले मन्त्री महरालाई बाँधको प्राकृतिक बहाव खुला गर्ने प्रक्रियाबारे आफ्नो मुलुकलाई अवगत गराएको जानकारी दिँदै सो प्रक्रिया अघि बढिसकेको बताउनुभएको थियो। यसअघि गृहमन्त्री जनार्दन शर्माले मन्त्री महरालाई कूटनीतिक पहलमार्फत् कोसी, गण्डकी, राप्ती, लक्ष्मणपुरलगायतका बाँधको ढोका खुलाउने प्रक्रिया अघि बढाउन आग्रह गर्नुभएको बताइएको छ।

## उमेर ढाँट्ने डीएसपी फन्दामा

काठमाडौं, (नेस)

डेढ वर्षअघि नै सेवाबाट अनिवार्य अवकास पाउनुपर्ने एक प्रहरी अधिकृतले उमेर ढाँटेर डीएसपीमा बढुवासमेत पाएका छन्।

हालै गृह मन्त्रालयले बढुवा गरेको सूचीमा परेका बल्लभबहादुर सिंहले फरकफरक जिल्लाबाट फरक मितिमा नागरिकता जारी गरेको फेला परेपछि प्रहरी किताबखानाले सिंहमाथि कारबाही गर्ने तयारी गरेको छ।

सिंहले प्रहरी किताबखानामा पेस गरेको नागरिकतामा जन्ममिति २०१६ साल उल्लेख छ। नागरिकता हराएपछि कामको सिलसिलामा कालिकोट पुगेका सिंहले त्यहाँबाट लिएको प्रतिलिपि नागरिकतामा जन्ममिति २०१८ साल उल्लेख छ।

(क्रमशः पृष्ठ ९ मा)

## डा. केसी झन् सिकिस्त, समर्थक सडकमा

नेपाल समाचारपत्र

काठमाडौं

चिकित्सा शिक्षा क्षेत्रभित्र देखिएको विकृति अन्त्य गर्ने उद्देश्यले २१ दिनदेखि अनशन बस्दै आउनुभएका प्रा.डा. गोविन्द केसीका समर्थकले शनिबार काठमाडौंसहित देशभर प्रदर्शन गरेका छन्।

डा. केसीका समर्थकले सो क्रममा डा. केसीको पक्षमा र सरकार नेता तथा सांसदहरूको विरुद्धमा नाराबाजी गरेका थिए।

सभामा सहभागीले डा. केसीले उठाएका माग नि:सर्त रूपमा पूरा गर्नुपर्ने बताएका छन्। उनीहरूले सरकारले डा. केसीसँग विगतमा गरेका सम्झौतामा पटकपटक धोका दिएको भन्दै माग कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराएका छन्।




शनिबार डा. केसीका वार्ता टोली सदस्य र नागरिक समाजका अगुवाहरूबीच छलफल भएको थियो। छलफलमा नागरिक समाजका अगुवा दमननाथ ढुंगाना, कनकमणि दीक्षित, चरण प्रसाईंलगायतको सहभागिता रहेको वार्ता टोलीका सदस्य डा. सुमन आचार्यले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

व्यवस्थापिका संसद्को महिला, बालबालिका तथा समाज कल्याण समितिले शुक्रबार 'चिकित्सा शिक्षा विधेयक २०७४' पास गरेपछि अनशन स्थगित हुने अपेक्षा गरे पनि पनि डा. केसीले माथेमा प्रतिवेदनको मर्मअनुसार नआएको भन्दै अनशन जारी राख्ने बताउनुभएको छ।

विधेयकले काठमाडौं उपत्यकामा नयाँ मेडिकल कलेज सञ्चालनका लागि बाटो खुला गरिदिएपछि डा. केसीले असहमति जनाउनुभएको छ। विधेयक पारित भएसँगै सरकारले शुक्रबारै अनशन तोड्न आग्रह गरे पनि डा. केसीले आफ्नो माग सम्बोधन नभएको भन्दै अनशन जारी राख्ने बताउँदै आउनुभएको छ। डा. केसी काठमाडौं उपत्यकामा कम्तीमा १० वर्ष नयाँ मेडिकल सञ्चालन गर्न नहुने अडानमा हुनुहुन्छ।

चिकित्सा शिक्षा शुल्क एकरूपता, सहायक डीन नियुक्ति प्रक्रियालगायतका मागमा पनि सहमति जुट्न सकेको छैन। डा. केसीको माग पूरा गर्न दबाब दिने उद्देश्यले नेपाल चिकित्सक संघ र सरकारी चिकित्सक संघले शुक्रबारबाट देशभरका स्वास्थ्य संस्थामा ओपीडी सेवा बहिष्कार गर्ने निर्णय गरेका छन्। डा. केसीको स्वास्थ्य झन् गम्भीर भएको उपचारमा संलग्न चिकित्सकहरूले बताएका छन्।

# किन भियना विश्वको एक नम्बर शहर ?



पुष्करलाल श्रेष्ठ
pushkarlal@gmail.com











अस्ट्रियाको राजधानी भियना विश्वकै बस्नलायक उत्कृष्ट शहरमध्ये एक नम्बरमा पर्छ। भियनाले प्राप्त गरेको यो उपाधि लामो समयदेखि कुनै पनि युरोपका शहरले उछिन्न सकेका छैनन्। सम्भवत: यही कारणले होला यो स्तम्भकारलाई पनि जतिपटक भियना शहर घुमे पनि धीत मर्दैन।

चारपटक भियना शहर घुमिसकेपछि पाँचौंपटक यसको उत्कृष्टताबारे मात्र अध्ययन गर्न झन्डै डेढ महिना भियना बसेर हालै स्वदेश फर्केको छ, यो स्तम्भकार। पहिले पटक-पटक घुमेका न्युयोर्क, पेरिस, रोम, लन्डन, म्युनिख, एम्स्टरडम, ज्युरिख, कोपेनहेगन, ओस्लो, स्टकहोम आदि र यसपटक यीबाहेकका थुप्रै युरोपका शहर पुग्दा यस स्मम्भकारको ध्यान भियना शहरसँग तुलना गर्नुमै केन्द्रित हुन्थ्यो।

तर, स्थानीय बासिन्दाको रहनसहन, सामाजिक सुरक्षा, स्वच्छ वातावरण, परिवहन, आर्थिक हैसियत, शिक्षा, स्वास्थ्य र जीउ-धनको सुरक्षाको अवस्था हेर्दा भियनासँग युरोपका कुनै पनि शहरको तुलना नै नहुने देखियो। संसारका ठूला तथा नाम चलेका लन्डन, न्युयोर्क, मस्को, पेरिस, रोम आदि शहरहरू यसको छेउछाउमा पनि पुग्न सकिएका छैनन्। आतंकवादीहरूको निशानामा परेको कारणले पनि सुरक्षाको दृष्टिकोणले यी शहरहरूलाई भियनाले सजिलैसँग उछिनेको देखिन्छ।

यसपटक १ मे २०१७ मा भियनाको विशाल मजदुर र्‍यालीमा यस स्तम्भकारलाई पनि सहभागी हुने अवसर मिलेको थियो। र्‍यालीलाई सम्बोधन गर्न अस्ट्रियाका राष्ट्रपति अलेकजेन्डर भान विना कुनै अंगरक्षक त्यहाँ उपस्थित भएको देख्दा शुरूमा त यस स्तम्भकारलाई उनी नै अस्ट्रियाका राष्ट्रपति होलान् भनी पत्याउनै गाह्रो पर्‍यो। हजारौंको संख्यामा उपस्थित मजदुरहरूको अगाडि उनी साधारण मान्छेजस्तो सबैसँग गफ गरिरहेका थिए। भियना निवासी प्रभु श्रेष्ठसँग बुझ्दा यहाँका राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरू निशंकोच सार्वजनिक ट्रेनमा यात्रा गरी रेस्टुरेन्टहरूमा मजाले खाइरहेका हुन्छन् भन्ने कुराबाट पनि यहाँको सुरक्षा व्यवस्था कति मजबुत रहेछ भन्ने कुरा दर्साउँछ।

पहिलो र दोस्रो विश्वयुद्धमा ध्वस्त भएको भियना शहर यति चाँडै संसारको सबैभन्दा समृद्ध शहर बन्न सफल भएको बारे ४० वर्षदेखि भियनामा बस्दै आउनुभएका डा. हेमन्त राणा आफ्नो अनुभव सुनाउँदै भन्नुहुन्छ- 'सबैभन्दा ठूलो कुरो त यहाँका नेताहरूको राजनीतिक इमानदारिता, इच्छाशक्ति र दूरदृष्टिकोण नै हो। त्यसपछि यहाँका शिक्षित जनताको अनुशासन र सभ्यताले भियनालाई आज संसारको सबैभन्दा बस्नलायक शहर बनाइदिएको जस्तो लाग्छ।'

यसै विषयमा यस शहरमा झन्डै एक दशक बिताइसक्नुभएका साहित्यकार रुद्र चुडाल आफ्नो धारणा यसरी व्यक्त गर्नुहुन्छ- 'यहाँ कानुनीरूपमा बसेका व्यक्तिलाई कानुनले बराबर मान्यता दिन्छ। को विदेशी र को स्वदेशी भनेर पनि छुट्याउँदैन। कानुनले सबैलाई बराबर अधिकार दिएको छ। सुरक्षा व्यवस्था अत्यन्त चुस्त छ, कसैको डर, त्रास र धम्कीले बाँच्नुपर्दैन। कहीं-कतै सरकारी कार्यालयहरूमा काम परे घूस, भनसुनको चिन्ता लिइरहनुपर्दैन। यति भएपछि त भ्रष्टाचारको कुरै गर्नुपरेन।'

अस्ट्रियामा बसेको करिब तीन हप्तापछि बेलुकी ११ बजेतिर यस स्तम्भकार बसेको घरसँगैको चोकमा अफगानी शरणार्थीहरूले खुसीले हो वा किन हो, ८-१० पटक पटका पड्काएका थिए। भोलिपल्ट बिहान सबेरै भतिजा रिचार्ड श्रेष्ठले राति नै प्रहरी आएर पटका पड्काउनेहरूलाई समातेर लगिरहेको भिडियो देखाइदिए। सभ्यता पनि कतिसम्म भने, आइतबार बिदाको दिन छिमेकीलाई डिस्टर्ब होला भनी यहाँ आफ्नै घरभित्रसमेत ठूलो स्वरले बोलिंदो रहेनछ।

यति शान्त शहरमा केही समययता जर्मनीले निम्त्याएका द्वन्द्वग्रस्त सिरियाका शरणार्थीहरूसँगै नेपालीहरूसहित विभिन्न देशबाट मिसिएका लाखौं शरणार्थीलाई जर्मनी सरकारले बीच सीमामै रोकिदिएपछि भियनामा अड्केका ९० हजार शरणार्थी अहिले अस्ट्रियन सरकारका लागि ठूलो टाउको दुखाइको विषय बनिरहेको छ। यस स्तम्भकार १७ मे २०१७ मा चेक रिपब्लिक घुमेर भियना पुग्न मात्र १ मिनेट बाँकी छँदा हाम्रो गन्तव्यमा पुग्नुपर्ने ट्रेन स्टेसनमै शरणार्थीहरूले व्यवधान पुर्‍याएको भन्दै तीन घण्टा रेल स्टेसनमा भौंतारिन बाध्य हुनुपर्‍यो। जसले गर्दा बेलुकी ९:३० मा घर पुगिसक्नुपर्ने हामी मध्यरात १:१० बजे मात्र घर पुग्न सम्भव भयो।

यसै गरी बीस वर्षदेखि भियनामा बस्दै आउनुभएकी श्रीमती मीनु श्रेष्ठ भन्नुहुन्छ- 'म बिहान ५ बजे उठेर अफिस गइसकेको हुन्छु। अहिले पो गर्मीयाम भएकाले ५ बजे नै उज्यालो भइसकेको हुन्छ। युरोपमा त झन्डै ७-८ महिना प्राय: यो समय अँध्यारै हुन्छ। तर केटी भएर पनि अहिलेसम्म मैले बाटोमा कुनै गुन्डा, अपराधी, बदमासहरूको सामना गर्नुपरेकी छैन। बिहान ४ बजेदेखि नै सार्वजनिक यातायातका सवारीहरू यथेष्ट मात्रामा चलिसकेका हुन्छन्। बढीमा दुई-तीन मिनेटभन्दा बढी बस, ट्रेन र ट्राम कुर्नुपरेको छैन। धेरै आनन्द छ, यहाँ। तर, कहिलेकाहीं मुस्लिम शरणार्थीहरू ट्रेनमा देखें भने डरले उनीहरूसँग परै भाग्ने गरेकी छु।'

भियनाबारे २५ वर्षदेखि बस्दै आएका प्रभु श्रेष्ठको धारणा के छ त ?

उहाँ अरूभन्दा अझ हौसिएर भन्नुहुन्छ- 'यहाँको हावापानी यति स्वच्छ छ कि मिल्ने भए खाना नखाईकन हावा नै खाइरहुँजस्तो लाग्छ। जुन कुरा तपाईंहरूले पनि आएकैपिच्छे अनुभव गर्नुभएको छ। भियनामा हामीले पिउने पानी अमृतजस्तै मीठो, स्वच्छ र सफा छ। यहाँको पानी संसारकै सबैभन्दा स्वच्छ पिउनयोग्य पानी हो। जता गए पनि धाराबाट सीधै पानी पिउन सकिन्छ।'

उहाँ गर्वका साथ भन्नुहुन्छ- 'मैले यहाँ खानेपानीमा काम गर्ने एक जना सिनियर अस्ट्रियन इन्जिनियरलाई राम्ररी चिन्दछु। उहाँले मलाई सधैं भनिरहनुहुन्छ- अस्ट्रियामा लगातार ४२ वर्ष वर्षा नभए पनि जनतालाई काकाकूल हुन नपर्ने गरी पानीको भण्डारण गरिएको छ रे ! म त सुन्दा अचम्मै भएको थिएँ।'

विगत ३८ वर्षदेखि भियनाको संयुक्त राष्ट्रसंघमा कार्यरत श्रीमती शुभ राणासँग सम्पर्क राखेर भियनाबारे जिज्ञासा राख्दा उहाँको यस्तो धारणा आयो- 'यहाँको शैक्षिक प्रणाली र स्वास्थ्य व्यवस्था अत्यन्त वैज्ञानिक र व्यावहारिक छ। बच्चैदेखि मानिस शिक्षित, सभ्य र स्वस्थ भएको देशमा सरकारलाई काम गर्न धेरै बाधा-व्यवधान नै नहुने रहेछ। यहाँका नागरिकलाई राजनीतिप्रति कुनै वास्तै हुँदैन। कतिलाई त आफ्नो देशका राष्ट्रपति को हुन् भन्नेसमेत अत्तोपत्तो नहुँदो रहेछ। जनतालाई राजनीतिमा त्यति चासो नहुँदा हाम्रो देशमा जस्तो नेताको हा-हामा लागेर चक्का जाम, बन्द, हड्तालजस्ता कुरा नभएपछि खुरुखुरु विकास मात्र भइरहने रहेछ।'

यस्तो महसुस नेपालीलाई मात्र हुने गरेको छ कि विदेशीलाई पनि भनी २७ वर्षदेखि भियना बस्दै आएका बंगलादेशका मित्र मोनी अब्दुससँग भियनाबारे जिज्ञासा राख्दा उनी त झन् भियना छोडेर आफ्नो देश त के, कतै जानै मन नलागेको कुरा पो गर्छन्। भन्छन्- 'संसारका मानिसहरू सुन्दर र सुरक्षित ठाउँ खोज्दै घुम्छन्। म संसारकै सबैभन्दा बस्नलायक एक नम्बरको शहरमा बसेर आनन्द लिइरहेको छु भने मलाई अन्त किन जानुपर्‍यो ?'

अब्दुस बोलिरहन्छन्- 'यहाँ २६ वर्षको उमेरसम्म पढ्नलाई पैसा चाहिँदैन। पढिसकेर पनि पढाइअनुसार रोजगार नपाएसम्म सरकारले नै बेरोजगार भत्ता दिएर पाल्छ। क्षमताअनुसार रोजगारका लागि सरकारले नै उचित व्यवस्था गरिदिन्छ। यहाँ बसेदेखि अहिलेसम्म एक सेकेन्ड बत्ती निभेको थाहा छैन। यस्तो देश छोडेर रातदिन घृणित राजनीति भइरहने मेरो देश फर्कने कुरा म कल्पना पनि गर्न सक्दिनँ।'

करिब १९ लाख जनसंख्या भएको काठमाडौं उपत्यका जस्तै-जस्तै देखिने सानो भियना शहर हेर्न बर्सेनि संसारबाट झन्डै ७ लाख पर्यटकहरूको घुइँचो लाग्छ। भियनामा बसोबास गर्ने १९ लाख र थप ७ लाख पर्यटकहरूका लागि दैनिक १ लाख ४५ हजार यात्रु सहजै ओसार्ने व्यवस्थित ११ सय रेलवे स्टेसनहरू छन्। चार तल्लासम्मको भूमिगत रेल स्टेसनमा सडकबाटै अत्याधुनिक लिफ्ट र विद्युतीय भर्‍याङहरूको सुविधाले गर्दा भियनामा आधा मान्छेहरू त जमिनमुनि नै भइरहने रहेछ। सार्वजनिक यातायातको अत्यन्त राम्रो व्यवस्था र भाडा पनि सस्तो छ। यहाँ सवारीसाधन किन्न अत्यन्त सस्तो भए तापनि मानिसहरू सार्वजनिक सवारी प्रयोग गर्नमै बढी सुविधाजनक र सुरक्षित ठान्दा रहेछन्। वर्षभरिको टिकट किन्दा बस, ट्राम र ट्रेनको दैनिक मात्र १ युरोमा सफर गर्न सकिँदो रहेछ। ट्राफिक र पार्किङको कुनै झन्झट नहुने भएकाले धनी मानिसहरूसमेत भियनामा सकेसम्म सार्वजनिक सवारीसाधन नै प्रयोग गर्न रुचाउँछन्।

युरोपेलीहरूको समेत सपनाको शहरका रूपमा लिइने भियना युरोपको मध्यभागमा रहेकाले पनि व्यापारको दृष्टिकोणले समेत युरोपका ठूला-ठूला व्यापारीहरू यो शहरबाट आकर्षित भएका रहेछन्। अझ जर्मनीको बर्लिन पर्खाल भत्केपछि त झन् यो शहरको भाग्य नै चम्किएको रहेछ। जर्मनीका मर्सिडिज बेन्चकार, बीएमडब्ल्यूलगायत युरोपका धेरै ठूला कम्पनीका कारखानाहरू अहिले भियनामा देख्न सकिन्छ। यो शहरबाट मात्र १ घण्टा गाडी चढेर स्लोभाकियाको राजधानी ब्राटिस्लाभ पुग्न सकिन्छ। कुनै दुई देशका यी दुई शहर विश्वकै सबैभन्दा नजिकको राजधानी पनि हो। भियनाबाट मात्र चार घण्टा रेल चढेर हामी जर्मनीको म्युनिख, चेक गणराज्यको राजधानी प्राग र हंगेरीको राजधानी बुडापेस्ट पुग्न सक्छौं।

विश्वप्रसिद्ध संगीतकारहरू मोजार्ट, हेडन, लुढविग वैन, ब्राम्स मल्हर र रबर्टजस्ता संगीतज्ञ जन्मेका अस्ट्रियाको राजधानी भियनालाई युरोपको सांगीतिक शहर पनि भन्दा रहेछन्। यहाँ बर्सेनि संसारभरका प्रख्यात सांगीतिक ब्यान्डदेखि लिएर अपेराहरू पनि प्रदर्शन भइरहेका हुन्छन्। यस स्तम्भकारलाई समेत यसपटक चीनको विश्वप्रसिद्ध ओपेरासहित पहिले आउँदा पनि थुप्रै सांगीतिक कार्यक्रमहरू हेर्ने अवसर प्राप्त भइसकेको छ।

इसापूर्व ५ सयवर्षअघिदेखि नै विकासको क्रम शुरू भइसकेको भियनामा क्याथोलिक धर्म मान्नेहरूको बाहुल्यता रहे पनि थोरै प्रतिशत बुद्ध, हिन्दु धर्म मान्नेहरू पनि छन्। सायद जर्मनी भाषा बोल्ने भएकाले होला, अस्ट्रियाको राजधानी भियनालाई पनि यहाँका मानिसहरू जर्मनी शब्द विन भनेर सम्बोधन गर्छन्। शहरको बीच भागबाट बगिरहने दुनाउ नदी भियनाको अर्को ठूलो आकर्षण हो। जर्मनीबाट बग्न शुरू हुने २ हजार ८ सय किलोमिटर लामो यो नदी भएर युरोपका दशवटा मुलुकहरूको भ्रमण गर्न सकिन्छ। जर्मनी, अस्ट्रिया, स्लोभाकिया, हंगेरी, क्रोएसिया, सर्बिया, बुल्गेरिया, रोमानिया माल्दोभा, युक्रेन हुँदै यो नदी अन्त्यमा ब्ल्याक सीमा गएर विसर्जन हुन्छ।

भियनाका बारेमा जति वर्णन गरे पनि पुग्दैन। तेस्रोचोटि अस्ट्रियाको एउटा अन्यन्त सुन्दर शहर साल्जबर्ग बसेर फर्केपछि यसको सुन्दरता देखेर प्रभावित हुँदै यस स्तम्भकारले मिति २०६० फागुन २ गते शनिबारका दिन यही पत्रिकामा यो शहरलाई 'जिउँदै स्वर्गको अनुभूति हुने शहर' भनी पूरा पृष्ठको एउटा लेख नै प्रकाशित गरेको थियो। धेरैलाई सायद यो कुरा नपच्न सक्छ, युरोपका धेरै शहर घुमिसकेको थाहा पाएपछि बेल्जियममा यस स्तम्भकारलाई एक जना शुभचिन्तकले सोधेका थिए- 'पुष्करजी, तपाईंलाई युरोप कस्तो लाग्यो त ? सबैभन्दा कुन शहरबाट तपाईं प्रभावित हुनु भो ?' यस स्तम्भकारको 'नेपालमा मान्छे भएर जन्मनुभन्दा त भियनामा कुकुर भएर जन्मन पाएको भए अझ धेरै भाग्यमानी हुने रहेछ' भन्ने जवाफ सुनेर उपस्थित सबै गललल हाँसेका थिए।

मानव जीवनका लागि न्यूनतम आधारभूत कुराहरू जस्तो स्वच्छ हावा, पानी, रोजगारी, शिक्षा, स्वास्थ्य, प्रदूषणरहित शहर, हरियाली, सुरक्षा, कानुनी राजदेखि भ्रष्टाचाररहित मुलुकको प्रतिस्पर्धामा यसले संसारका सबै देशलाई उछिन्न सकेकै कारण आज भियना विश्वकै एक नम्बर शहर बनेको कुरा यसपटकको भियना अध्ययन भ्रमणले सावित गरेको छ।



डा. हेमन्त राणा

"सबैभन्दा ठूलो कुरो त यहाँका नेताहरुको राजनीतिक इमानदारिता, इच्छाशक्ति र दूरदृष्टिकोण नै हो। त्यसपछि यहाँका शिक्षित जनताको अनुशासन र सभ्यताले भियनालाई आज संसारको सबैभन्दा बस्नलायक शहर बनाइदिएको जस्तो लाग्छ।"



रूद्र चुडाल

"यहाँ कानुनीरुपमा बसेका व्यक्तिलाई कानुनले बराबर मान्यता दिन्छ। को विदेशी र को स्वदेशी भनेर पनि छुट्याउँदैन। कानुनले सबैलाई बराबर अधिकार दिएको छ। सुरक्षा व्यवस्था अत्यन्त चुस्त छ, कसैको डर, त्रास र धम्कीले बाँच्नुपर्दैन।"



मीनु श्रेष्ठ

"म बिहान ५ बजे उठेर अफिस गइसकेको हुन्छु। अहिले पो गर्मीयाम भएकाले ५ बजे नै उज्यालो भइसकेको हुन्छ। युरोपमा त झन्डै ७-८ महिना प्राय: यो समय अँध्यारै हुन्छ। तर केटी भएर पनि अहिलेसम्म मैले बाटोमा कुनै गुन्डा, अपराधी, बदमासहरुको सामना गर्नु परेको छैन।"



मोनु अब्दुस

"संसारका मानिसहरु सुन्दर र सुरक्षित ठाउँ खोज्दै घुम्छन्। म संसारकै सबैभन्दा बस्नलायक एक नम्बरको शहरमा बसेर आनन्द लिइरहेको छु भने मलाई अन्त किन जानुपर्‍यो ?"

# विचार

झुट र सत्यबीचको लडाइँमा झुट्ले नै जित्छ तर अन्तिम जीत भने सत्यकै हुन्छ।
–राल्फ वाल्डो इमर्सन

तिनीहरूले जे पनि गर्न सक्छन्, किनभने तिनीहरूले गर्न सक्छु भनेर भित्रैदेखि सोच्न सक्छन्।
–भर्जिल

## सम्पादकीय

नेपाल समाचारपत्र

# तत्काल ध्यान देऊ

समयमा रोपाइँ हुन नसकेर मध्य वर्षाको समयमा समेत बाँझै रहेका खेतमा ढिलै भए पनि रोपाइँ हुने अपेक्षा गरेका कृषकलाई गत साताको अन्त्यतिरको मनसुनी गतिविधिले उत्साह थप्यो। तर, त्यो उत्साहले सार्थकता पाउन सकेन। गत शुक्रबारदेखिको अविरल वर्षाका कारण पूर्वी र मध्य तराईका अधिकांश भेग जलमग्न भएका छन्। औसत वर्षाको मात्रा उच्च भएपछि पहाड र तराईका धेरै स्थानको जनजीवन प्रत्यक्ष प्रभावित बनेको छ। तराईका नदीले तटबन्ध भत्काउँदा बाढीले बस्ती र खेतीयोग्य जमिन जलमग्न बनाएको छ भने धेरै ठाउँका सडक बाढी र पहिरोले अवरुद्ध बनाएपछि तराई र पहाडको आवागमनसमेत प्रभावित बनेको छ।

३० जनाभन्दा बढीले अकालमा ज्यान गुमाएका छन् भने धेरै बेपत्ता भएका छन्। दर्जनौं घर पहिरोको जोखिममा छन्, सयौं घर डुबानमा परेका छन्। बाढी प्रभावित क्षेत्रको सञ्चार र विद्युत् सेवा पनि अवरुद्ध बनेको छ। बाढी र डुबान क्षेत्रको जोखिममा रहेका स्थानीय सुरक्षित स्थानमा स्थानान्तरण हुने प्रयासमा रहे पनि उद्धार टोलीको अभाव खट्किएको छ। निरन्तरको वर्षापछिको बाढी र पहिरोमा परेर ३० जनाको मृत्यु भएको गृह मन्त्रालयको प्रारम्भिक तथ्यांक छ।

भारी वर्षा भएका जिल्लालाई 'हाई अलर्ट' मा राखिएको गृह मन्त्रालयका अधिकारी बताउँछन्। मन्त्रालयले वर्षा प्रभावित क्षेत्रको क्षतिको विवरणका आधारमा केन्द्र र सम्बन्धित जिल्लाबाट सुरक्षाकर्मीसहितको उद्धार टोली खटाइएको बताए पनि प्रभावित क्षेत्रमा उद्धार टोली पुग्न सकेको छैन। प्रतिकूल मौसमका कारण खाद्यान्नसहित अन्य आवश्यक सामग्रीसहितको उद्धार टोली समयमा पुग्न नसकेको बताइएको छ। छिमेकी मुलुक भारतसँग जोडिएका सप्तकोशी, गण्डकी, राप्ती जस्ता बाँधका ढोका पूर्णरूपमा नखोलिएकाले नेपालतर्फका बस्तीमा बाढीको जोखिम अझै बढ्ने अनुमान गरिएको छ। सीमावर्ती क्षेत्रका बस्तीमा थप जोखिम बढ्न नदिन सप्तकोशीलगायत अन्य बाँधका ढोका खोल्न परराष्ट्र मन्त्रालयले भारतलाई आग्रह गरेको बताइएको छ।

उपप्रधान एवं परराष्ट्रमन्त्री कृष्णबहादुर महराले नेपालका लागि भारतीय राजदूत मञ्जिम सिंह पुरीमार्फत् भारतलाई त्यस्तो आग्रह गर्नुभएको थियो। सो कूटनीतिक पहल अघि बढ्नु पक्कै पनि सकारात्मक पक्ष हो। त्यस्तो पहलले ढिलो–छिटो बाढी तथा डुबानमा रहेका बस्ती जोखिमरहित बनाउन सघाउँछ। तर, अहिले बाढी र प्रकोप प्रभावित क्षेत्रका बासिन्दालाई सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्न सरकारले उच्च प्राथमिकता दिनुपर्छ। प्रभावित क्षेत्रमा खाद्यान्नसहित आधारभूत स्वास्थ्य सुविधासहितको टोली खटाउन ढिलो गर्न हुँदैन। अहिले प्रभावित क्षेत्रका बासिन्दा सबै अप्ठ्यारो अवस्थामा छन् तर यस्तो बेलामा बालबालिका, अशक्त, वृद्धवृद्धालाई उच्च प्राथमिकताका साथ हेर विचार गरिनुपर्छ। सरकारले यसतर्फ गम्भीरतापूर्वक ध्यान देओस्।

# छाउपडीविरुद्धको कानुन र जनप्रतिनिधिको भूमिका



बालकृष्ण मैनाली

> वास्तवमा यो प्रथा अन्त्य गर्न राज्यका संयन्त्र गाउँपालिका, वडा कार्यालय, जिसस र जिप्रकाहरुबाट दिइने विभिन्न किसिमका सिफारिसलगायत अन्य सेवा-सुविधाहरुमा पनि कडाइ गर्नुपर्छ। सम्बन्धित जिल्लाका महिला सदस्यहरु रजश्वलाका बेलामा छाउपडीमा नपठाएको प्रमाणसहितको प्रतिबद्धता र वचनबद्धता प्राप्त नभएसम्म ती सुविधालाई कार्यान्वयन नगर्ने हो भने छाउपडी प्रथा न्यूनीकरण गर्न मद्दत मिल्छ।

विगत वर्षमा महिला हिंसाविरुद्धको अभियान चलिरहेको बखतमा नै एक महिनाको अन्तरालमा दुई किशोरीले छाउगोठमा अनाहकमा मृत्युवरण गरेका थिए। १० वर्ष अगाडिदेखि मात्र छाउगोठमा ज्यान गुमाउनेहरुको तथ्यांक राख्न थालिएको खबर छ। त्यसभन्दा अगाडि कतिले ज्यान गुमाए भन्ने अत्तोपत्तो नै छैन। विशेष गरी पश्चिम नेपालका अभिभावकलाई यसरी अनाहकमा आफ्ना छोरी, बुहारी, आमा, दिदी, बहिनी, अन्य नातेदारलगायत साथीहरुको छाउगोठको कारणबाट हुन जाने महिला हिंसा र मृत्युसमेतमा घटना घटिसकेपछि मात्र दुःख व्यक्त गर्नुबाहेक यसको विरुद्धमा खासै प्रगतिको अनूभूति प्राप्त गर्ने कार्यमा ध्यान पुगेको देखिँदैन। हालै सर्पले टोकेर एक किशोरीको ज्यान गएको छ। अनि उसको लेखन्त नै त्यस्तो हो भनेर अभिभावक, समाजले चित्त बुझाएका छन्। सरकार टुलुटुलु हेरेर बसेको छ। अनि अभिभावक र समाजले चित्त बुझाएको भनेर सरकारले विषयलाई महत्त्व नदिई निदाइरहेको अवस्था छ।

एक्लै सुतेका बेला कुनै पनि बालिका तथा किशोरीमाथि घट्ने कुनै पनि घटनाको प्रतिकार गर्ने क्षमता बालिका तथा किशोरी एक्लैले राख्नै सक्दैनन्। उनिहरुलाई अप्ठ्यारो परेको बेलामा कुनै सहयोगीको उपस्थिति हुँदैन। केही गैरसरकारी संस्थाहरुले यस विषयमा सुस्तरूपमा भए पनि आवाज उठाउने काम त भएको थियो, तथापी लुतेपाराको काम र परियोजनामुखी कार्यको कारणले सार्थक परिणाम प्राप्त भएको छैन र हुन सकेन। समस्या जहाको त्यही छ। यसको पछिल्लो उदाहरण हो भत्काइएका छाउगोठको पुनर्निर्माणले व्यापकता पाउनु र स्वयं यसका विरुद्ध लागेका अगुवाहरु नै रजश्वलाका बेला छाउगोठमा बस्न जानु।

महिला हिंसाका अनेक रूप छन्। त्यसमध्ये एक रूप हो महिलाहरुको विशेष गरी पश्चिम नेपालका आमा, दिदी, बहिनी, बुहारीले महिनावारीको तथा सुत्केरीको समयमा छाउगोठमा नै बिताउनुपर्ने अवस्था र चलन। पश्चिम नेपालका प्रायः जिल्लामा यसको प्रचलन व्यापकरूपमा छ। त्याहाँका महिला रजश्वला र सुत्केरी भएका बखत निश्चित दिनसम्म आफू बसेको घरमा बस्न पाउँदैनन्। आफू बसेको घरबाट टाढा गोठमा गई एक्लै वा रजश्वला भएका अन्य आमा, दिदीबहिनीसँग मात्रै बिताउनुपर्ने हुन्छ। पछिल्लो सार्वजनिक भएको समाचारअनुसार एउटा सानो गोठमा १० जनासम्म रजश्वला भएका आमा, दिदी, बहीनीहरु एकैठाउँमा बस्नुपरेको अवस्था छ।

वास्तविकरूपमा महिला हिंसा न्यूनीकरण तथा अन्य महिलाहरुका अधिकार संरक्षणको निमित्त पुरुषको भूमिकाले महत्त्वपूर्ण अर्थ राख्छ। हुन त यस क्षेत्रमा कार्य गर्न नागरिक समाजका केही अगुवाहरु लागिनपरेका होइनन्, तर बिडम्बना नै मान्नुपर्दछ त्यस संस्थाको समूहले पनि यस क्षेत्रमा खास उपलब्धिमूलक परिणाम हात पार्न भने सकेन।

बेला-बेलामा छाउगोठमा बालिका, किशोरी र पाको उमेरका महिलाहरुले आफ्नो ज्यान गुमाउनु बाध्य हुनुपरिरहेको छ। छाउगोठमा मृत्युवरण गर्न पुगेकाहरुको पोस्टमार्टम भएको अवस्थामा सोको प्रतिवेदनले कसैको हृदयगति बन्द भई मृत्यु भएको बताइन्छ भने कसैको बलात्कारले र कसैको जीवजन्तु र प्राणीको आक्रमणले। प्रायः मृत्युपूर्व मृतकले सामान्य औषधि उपचारको प्रयोगसम्म पनि गर्न नपाउने अवस्था विद्यमान रहेको तथ्य सार्वजनिक भएको छ। प्रायः रजश्वलाका कारण छाउगोठमा बस्न बाध्य बनाइएकी ती महिला, किशोरी र बालिकासँग अन्य आफन्तको उपस्थिति रहँदैन। त्यही कारण तिनीहरूविरुद्ध कुनै घटना घटिहाले पनि समयमा उपचार हुन सक्दैन। मेडिकल उपचार त परै जाओस्, गाउँघरमा प्राप्त हुने धामी झाँक्रीको उपचार पनि सम्भवतः तिनीहरुले पाउन सक्दैनन्। रजश्वला भएको आमा, दिदीबहिनीहरुलाई अन्य व्यक्तिले छुन नमिल्ने कारणले पनि धामी झाँक्रीको सेवा उपलब्ध हुन सक्दैन।

आजको २१औं शताब्दिमा प्राकृतिक नियमको कारणबाट सिर्जित हुने सामान्य विषयलाई आदिम युगभन्दा पनि तल झरी समाज र लोकलाजको नाममा यस्ता कार्यले छुट पाइरहनुभनेको मानव अधिकारको नाममा कलंक र धब्बाबाहेक अरू केही हुन सक्दैन। हालसम्म छाउगोठमा ज्यान गुमाउने महिला, आमा, दिदी, बहिनीहरु र नवजात शिशुहरुको संख्या कति छ भन्ने तथ्यांक नै छैन। अनाहकमा ज्यान जाने, छाउगोठमा रहेको बेला बलात्कारको शिकार हुने र वन्य जीवजन्तुहरुको आक्रमणमा परेका घटनाहरु थुप्रै घटित भएको भए तापनि एकाधबाहेक अन्य घटनाहरु खासै चर्चामा आउँदैनन् र आएका पनि छैनन्।

छाउपडी हटाउने नाममा वा सम्बन्धमा परियोजनामार्फत् थुप्रै विदेशी पैसा पनि खर्च भइसकेका छन्। परिणामको नाममा एक-दुई वटा छाउगोठ भत्काउनेदेखि बाहेक अन्य उपलब्धि शून्य देखिएको छ। संस्थाहरुले उठाएको फितलो आवाजले त्यसलाई कुनै असर पारेको छैन। राज्यले बनाएको महिला हिंसाविरुद्धको कानुनले पनि यो समस्या सम्बोधन गर्नमा कता-कता असफल रहेको देखिन्छ। झन् अहिले आएर त्यस कार्यविरुद्ध लागेका संघ-संस्था पनि परियोजना नभएको कारण भन्दै सुस्ताउन पुगेका छन्। त्यति मात्र नभई त्यो आन्दोलन नेतृत्व लिने स्थानीय अगुवा महिला दिदीबहिनीहरुसमेत छाउ बार्न स्वयं छाउपडीमा गई बस्न थालेका छन्। राज्य उदासीन रहेका कारणले धामी झाँक्री र छाउपडी बार्नुपर्ने समर्थकहरुको मनोबल बढेको छ र भत्काएका छाउपडी निर्माण गरिँदै छन्।

रजश्वलाका बेला घरबाहिर गएर छाउगोठमा अवस्था र मान्यताअनुसार केही निश्चित दिनसम्म बस्नु ती दिदीबहिनीलगायत उनीहरुका अभिभावक र समाजलाई न त आत्मग्लानी छ, न त पश्चाताप नै ? चाहे छाउगोठमा रहेको बेला भर्खरै जन्मेका आफ्ना सन्तानको मृत्यु नै किन नहोस्, त्यसले कुनै असर नपारेको र नपर्ने कुरा सामान्य कुराकानी गर्दा व्यक्त गरेको देखिन्छ। उनीहरुले दिएको जवाफलाई विश्लेषण गर्दा घर-परिवारका अन्य सदस्यको हितका लागि र देवता नरिसाउने कार्यका लागि जुन वास्तविकता र सत्यतामा आधारित थिएन र होइन, त्यस्तो कार्यमा उनीहरुले आफूलाई हाँसी-हाँसी दुःख र मृत्युको मुखमा आहुति दिएका छन्। सरकारले कडा कदम नचालुञ्जेल यसमा परिवर्तन आउने लक्षण देखिँदैन। यसलाई हटाउने पहिलो कर्तव्य परिवारकै हो। परिवारको जेठा सदस्य अर्थात् घरमूलीकै पहलबाट यो सम्भव हुन्छ, थियो र अहिले पनि छ। झन् अहिले त करिब देशको २४ जिल्लाका करिब ९ सय ४२ गाविसका ८ हजार ४ सय ७८ वडामा १६ हजार ९ सय ५८ महिला जनप्रतिनिधि चुनिएका छन्, जसमा त्यसको आधि अर्थात् ८ हजार ४ य ७८ जना त दलित महिला मात्र चुनिएका छन्। यस अवस्थामा १६ हजार ९ सय ५८ निर्वाचित महिलाले चाहने हो र संसद्ले हालै पारि गरेको छाउपडीविरुद्धको कानुनलाई अलि चासो दिएर परिवारमा रहेका पुरुषको सहयोग लिई यस प्रथाको निर्मूल गर्न कुनै कठिनाइ छैन।

हालै मात्र छाउपडीविरुद्धको कानुन संसद्बाट पारित भएको छ। छाउपडीको प्रयोग हुनुभनेको कानुनतः अब दण्डनीय कार्य हो। यस कानुनको विरुद्ध कार्य गरेमा ३ महिनासम्म कैद वा ३ हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने प्रावधान यस कानुनमा समावेश गरिएको छ। वास्तवमा यो प्रथा अन्त्य गर्न राज्यका संयन्त्र गाउँपालिका, वडा कार्यालय, जिसस र जिप्रकाहरुबाट दिइने विभिन्न किसिमका सिफारिसलगायत अन्य सेवा-सुविधाहरुमा पनि कडाइ गर्नुपर्छ। सम्बन्धित जिल्लाका महिला सदस्यहरु रजश्वलाका बेलामा छाउपडीमा नपठाएको प्रमाणसहितको प्रतिबद्धता र वचनबद्धता प्राप्त नभएसम्म ती सुविधालाई कार्यान्वयन नगर्ने हो भने छाउपडी प्रथा न्यूनीकरण गर्न मद्दत मिल्छ। हालै पारित भएको छाउपडीविरुद्धको कानुनलाई प्रभावकारीरूपमा कार्यान्वयन गरेमा छाउपडीको कारणबाट हुनजाने महिला हिंसाको न्यूनीकरणमा सघाउ पुग्न जाने र एउटा गलत परम्पराको अन्त्य भई पश्चिम नेपालका आमा, दिदी, बहिनीले राहतको श्वास फेर्ने वातावरण तयार हुने थियो। राज्यले र हालै निर्वाचित जनप्रतिनिधिहरुले आ-आफ्नो कार्यक्रममा समेत यो विषयलाई प्राथमिकताका साथ राखी लागू गर्ने हो भने पक्कै पनि छाउपडी प्रथा विस्तारै हट्दै जानेछ।

(लेखक अधिवक्ता हुनुहुन्छ।)

## पाठक पत्र

### सम्पत्ति विवरण खोई त प्रमज्यू ?

प्रधानमन्त्रीका रूपमा कार्यभार सम्हाल्दा सदाचार नीति ल्याउने पहिलो निर्णय गर्ने प्रधानमन्त्री शेरबहादुर देउवाले ६२ दिनसम्म पनि सम्पत्ति विवरण नबुझाएको खबर आउँदा उनलाई लाज लाग्न पर्ने होइन र ? निर्धारित समयभित्र सम्पत्ति विवरण नबुझाएर प्रधानमन्त्रीले भ्रष्टाचार निवारण ऐन २०५९ को उल्लंघन गरेका छन्। उनलाई कानुन नलाग्ने हो त ? प्रधानमन्त्री देउवाले गत २४ असारमा सदाचार नीतिका मस्यौदामा हस्ताक्षर गर्दै सदाचार नीति ल्याउने पहिलो निर्णय गरेका थिए।

उपप्रधान तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महरा, उपप्रधान तथा शिक्षामन्त्री गोपालमान श्रेष्ठ, अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, शहरी विकासमन्त्री प्रभु साहले सम्पत्ति विवरण बुझाए पनि सार्वजनिक गरिएको छैन। त्यो पनि छिट्टै सार्वजनिक हुनुपर्छ। सामान्यतः सम्पत्ति विवरण बुझाएलगत्तै सार्वजनिक गर्ने परम्परा छ। तर, किन रोकियो ? नेपाली जनतालाई जवाफ चाहिएको छ। यो विषयमा अख्तियारले ध्यान देओस्। कानुनको नजरमा सबै समान हुन् भन्ने आम जनतालाई भान होस्।

*- लेखान्त बोहरा, ललितपुर*

### आफ्नो निणर्य आफैंले उल्लंघन

अंग्रेजीमा भनिने फ्रि भिसाको अर्थ हो, शून्य लागत। तर, अनौठो लाग्न सक्छ, फ्रि भिसाको मूल्य लाखौंसम्म पर्छ। हामी विदेश जाँदा फ्रि भिसा र र फ्रि टिकट भएका मलुकको लिस्ट देखाइन्छ तर पेलेरै पैसा लिने काम छोडिएको छैन। सामान्य १२/१५ हजारको जागिर खान जान पनि १ लाखको हाराहारीमा पैसा बुझाउनुपर्छ। सरकारले १० हजार मात्रैको कुरा गरेको छ। सरकारी सबै कर्मचारी र सबै मन्त्रीसम्मलाई यो थाहा छ, तर केही गर्दैनन्। सबै दलालसँग मिलेर तैं चुप मैं चुप भएका छन्।

गत मंगलबारको व्यवस्थापिका संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिमा पेस गरिएको प्रतिवेदनमा फ्रि भिसाबाट ९ लाखसम्म असुल गरिएको उल्लेख छ। यो कहाँसम्मको कुरा हो। यहाँ हद नाघिसकेको अवस्था छ। प्रतिवेदनमा नेपाली कामदारले कम्तीमा ५० हजारदेखि ९ लाख रुपियाँसम्म बुझाउन बाध्य हुनुपरेको तथ्य सार्वजनिक गरिएको छ। २०७२ असार २१ गतेदेखि सरकारले रोजगारीमा मलेसिया र खाडी मुलुक जाने कामदारका लागि फ्रि भिसा फ्रि टिकटको व्यवस्था गर्ने निर्णय गरेको थियो। तर, यसमा विकृति देखिएको छ। म्यानपावर वालाले मनपरी गरिरहेका छन्। आफूसुखी पैसा असुल्ने काम गरिरहेका छन्। यसलाई नियन्त्रण गर्नु जरुरी छ।

*- सुवास पुन, भैरहवा*

### कहिले सुरक्षित होलान् काठमाडौंका घर ?

नेपाल समाचारपत्रमा केही दिनअघि प्रकाशित समाचारले मलाई केही लेख्न बाध्य बनायो। धरैलाई लाग्न सक्छ, काठमाडौं उपत्यकामा निर्माण भएका घरहरू सुरक्षित र भूकम्प प्रतिरोधी प्रविधिबाट निर्माण गरिएका छन्। राजधानी काठमाडौंमा स्रोत साधन उपलब्ध हुने भएकाले पनि भूकम्प प्रतिरोधी घर निर्माण भएको अनुमान हुन सक्छ। तर, नीति निर्माण गर्ने केन्द्र भए पनि काठमाडौं उपत्यकामा हालसम्म ७ प्रतिशत घरहरू मात्रै भूकम्प प्रतिरोधी प्रविधिबाट निर्माण गरेको पाइएकाले ती घर मात्रै सुरक्षित ठानिएको छ।

सरकारले भूकम्प प्रतिरोधी प्रविधिको घर निर्माणका लागि भवन संहिता लागू गरेको वर्षौं बिते पनि नागरिकमा भूकम्प प्रतिरोधी घर निर्माण गर्ने चेतनामा भने विकास हुन सकेको छैन भन्ने खबरले मलाई आफ्ना केही भनाइ लेख्न मन लाग्यो। भूकम्प गएपछि सरकारले भूकम्प प्रतिरोधी भवन निर्माणका लागि कार्यान्वयन तहमा जोड दिए पनि र नागरिकले इन्जिनियरमार्फत् नक्सा बनाएर पास गर्ने गरे पनि आफूखुसी घर निर्माण गर्ने गरेको अवस्था अहिले पनि छ। नक्सा पास गरेर घर निर्माण शुरू गरे पनि मापदण्ड पालनामा भने अझै पनि घरधनीहरूले बेवास्ता गर्ने गरेका छन्। यसमा सरकारी क्षेत्रबाट निगरानी पुगेको छैन।

नियमन र नियन्त्रणकारी भूमिका निभाउने निकाय पनि मौन प्रायः छन्। काठमाडौं उपत्यकामा निर्माण भएका ७ प्रतिशत घर मात्र भूकम्प प्रतिरोधी प्रविधिबाट निर्माण भएको खबर नेपाल समाचारपत्रमा आएपछि अर्को यस्तै भूकम्प आए काठमाडौंमा के होला भन्ने चिन्ता लागेको छ। यो विषयमा सरकारले केही कदम नउठाए पछि निक्कै समस्या पर्ने देखीन्छ। पछि हुन सक्ने दुर्घटनालाई अहिले नै केही गर्नु जरुरी छ।

*- टंक सुनार, कीर्तिपुर, काठमाडौं*

### फेवातालको जग्गा फिर्ता गर

फेवातालको १ हजार ६ सय ९२ रोपनीभन्दा बढी जग्गा विभिन्न व्यक्तिले आफ्नो नाममा दर्ता गरेको कुरा आम मिडियामा आएको छ। फेवातालको अतिक्रमण भएको जग्गा छानविन गर्न तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले विश्वप्रकाश लामिछानेको संयोजकत्वमा गठन गरेको उच्चस्तरीय समितिले अध्ययनपछि यो तथ्य पत्ता लगाएको हो। यसलाई अब सरकारले कडा भएर अगाडि बढ्न जरुरी छ। नेपालको पर्यटकीयरूपमा अग्रस्थानमा रहेको फेवाताल र विश्वका सबैभन्दा धेरै पर्यटक आउने ठाउँलाई कुरूप बनाउनेको विरुद्ध सरकार लाग्न जरुरी छ। यो विषयमा सरकारको ध्यान जाओस्।

*- शैलेन्द्र शाक्य, भक्तपुर*

### राजमार्गमा फोहोरले सतायो

सदरमुकाम कुस्माबजारमा झण्डै ४० हप्ताभन्दा बढी सर-सफाई अभियान गरिए पनि बजारबाट उठाइएको फोहोर व्यवस्थापन गर्ने ठाउँ नहुँदा पोखरा-बागलुङ सडक दुर्गन्धित बन्न थालेको छ। कुस्मा नगरपालिकाको कुस्माबजारबाट दैनिक निस्किने फोहरले पोखरा-बागलुङ राजमार्गमा दुर्गन्ध फैलिएको हो। नगरपालिकाले फोहोर व्यवस्थापनको उचित विकल्प नखोज्दा एकातिर राजमार्ग भत्किने खतरा बढेको छ भने अर्कोतिर फोहर सीधै कालीगण्डकीमा खस्दा नदीमा प्रदूषण बढेको छ।

सदरमुकाम कुस्मास्थित जिरो किमिदेखि करिब एक किमिको दूरीमा रहेको छमर्केमा एक दशकदेखि निरन्तर सदरमुकामको फोहोर फालिँदै आएको छ। सदरमुकाम कुस्मामा मात्रै दैनिक १० टन फोहोर संकलन हुने गरेको आँकलन छ। सदरमुकामको सबै फोहोर राजमार्गमा फालिँदा दुर्गन्धले यहाँ बसिसाध्य छैन। यहाँ फोहोर नफाल्न हामीले सम्बन्धित निकायलाई धेरै आग्रह गरे पनि कतैबाट सुनुवाइ भएको छैन।

*-पेमा पौडेल, बेनी*

## सामाजिक सञ्जाल



हामीले कन्सिअसनेस् ग्रोथ गर्न जरूरी छ, किनभने हामीसँग इनर्जी इन्फाइनाइट छ। तर, हामी इनर्जी बढाउन खोज्दै छौं। यो नै हाम्रो ठूलो समस्या हो।

**Komal Oli**
**@OliKomal**



आशा लाग्दा भनिएका प्रमुख दलका नेताहरूले डा. केसीका जायज मागको पक्षमा बोल्न र नेतृत्व लिन नसकेको अवस्थामा, तिनलाई 'आशा लाग्दा' भन्न मिल्ला ?

**Rabindra Mishra**
**@RabindraMishra**



हरेक रातले अन्त्यमा एउटा बिहानी भेट्छ, अँध्यारो चिर्दै गोधुली साँझपछि उज्यालो झुल्किन्छ। त्यो आकाशको सुन्दर, शीलत चन्द्रका लागि रविले डुब्नै पर्छ।

**karunischal**
**@karu_nischal**

# विश्व

## प्रदर्शन

केन्यामा राष्ट्रपतीय चुनावको परिणाम निस्केलगत्तै विपक्षी असन्तुष्ट समूहले शुरू गरेको प्रदर्शनमाथि दमन गर्दै दंगा प्रहरी।



## फ्रुटकेक

अन्टार्टिकामा अझै खान योग्य अवस्थामा फेला परेको १ सय ६ वर्ष पुरानो फ्रुटकेक।





## विश्व २ मिनेट

### अमेरिका

#### औषधि दुरूपयोग

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राट्रपति डोनाल्ड ट्रम्पले पेनकिलरदेखि अन्य लठ्याउने औषधिको दुरूपयोग समस्या राष्ट्रिय सकंट नै भइसकेको बताएका छन्। उनले यस समस्या सामानका लागि अमेरिकाले थुप्रै प्रयास, समय र पैसा लगानी गर्न लागेको पनि जानकारी दिएका छन्। सन् २०१५ को तथ्यांकअनुसार विगत २० वर्षभित्र ३ जनामध्ये १ जना अमेरिकीको डाक्टरले सिफारिस गरेकै औषधि सेवनको कारण मृत्यु हुनेको संख्या चार गुणा बढेको छ। राष्ट्रिय संकट घोषित यस विषयमा वासिङ्टनबाट आर्थिक तथा अन्य स्रोतका लागि विशेष प्राथमिकता प्राप्त हुने विश्वास गरिएको छ।

### संयुक्त अरब इमिरेटस्

#### हेलिकोप्टर दुर्घटना

दुबई, (एजेन्सी)

संयुक्त अरब इमिरेटस (यूएई) सरकारले शनिबार एउटा हेलिकोप्टर दुर्घटनामा आफ्ना चार सैनिकको ज्यान गएको जानकारी दिएको छ। आधिकारिक समाचार निकाय डब्ल्यूएएमले यमनमा नियमित अभ्यास उडानमा रहेका बेला सो हेलिकोप्टर दुर्घटनाग्रस्त भएको जनाएको छ। उडानको क्रममा यमनको साब्वा गवर्नोरेटमा पुग्दा प्राविधिक गडबडीका कारण आपत्कालीन अवतरणका लागि कोशिस गरिँदा हेलिकोप्टर जमिनमा नराम्री बजारिन पुगेको थियो। यूएई सन् २०१५ मा यमनमा इरान समर्थित हौथी लडाकू समूहविरुद्ध लड्न साउदी अरेबियाको नेतृतवमा गठित गठबन्धन फौचमा सरिक भएको थियो।

### अमेरिका

#### ट्रम्पको चेतावनी

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यदि अमेरिकी भू-भाग गुआममाथि कुनै नराम्रो भएको खण्डमा उत्तर कोरियाले निकै ठूलो मूल्य चुकाउनुपर्ने चेतावनी दिएका छन्। न्युजर्सीस्थित गोल्फ रिसोर्टमा बोल्ने क्रममा ट्रम्पले यदि आणविक विकास कार्यक्रमा अटेर भएर लागि परेको खण्डमा अमेरिकाले उत्तर कोरियामाथि थप कडा नाकाबन्दी लगाउन सक्ने चेतावनी पनि दिएका छन्। उनले त्यसपछि चिनियाँ राष्ट्रपति सी जिन पिङसँग यस समस्याबारे छलफल गरेको चिनियाँ टेलिभिजनले जनाएको छ। जिन पिङले पनि यसबारे शान्तिपूर्ण समाधान खोजनुपर्ने बताएको जनाइएको छ।

### बेलायत

#### सय वर्ष पुरानो केक

लन्डन, (एजेन्सी)

वर्षभरि नै हिउँले ढाकिरहने अन्टार्टिकालाई वातावरणविद्हरूले पृथ्वीको निकै रहस्यात्मक भागको रूपमा लिने गरेका छन्। सोही स्थानमा हालै अन्टार्टिक हेरिटेज ट्रस्टले झण्डै १ सय ६ वर्ष पुरानो बेलायती फ्रुटकेक फेला पारेको छ। अनुसन्धानकर्ताहरूले केप एडेरमा सो ऐतिहासिक केक भेटाएका हुन्। उक्त केक बेलायती अन्वेशक रोवर्ट फल्कोन स्कोटको भएको विश्वास गरिएको छ। रोबर्ट स्कोट अफ अन्टार्टिकाको उपनामले पनि चिनिन्छन्। उक्त केक राखिएको टिनका बट्टामा खिया लागिसके पनि केक अझै खान योग्य र बास्नादार रहेको बताइएको छ।

# केन्याको राष्ट्रपतिमा केन्याता पुनः निर्वाचित



नैरोबी, (एजेन्सी)

गत मंगलबार समपन्न केन्याको राष्ट्रपतीय चुनावमा राष्ट्रपति उहुरु केन्याता पुनः निर्वाचित भएको शनिबार सरकारी सूत्रले जनाएको छ। सन् २०१३ देखि राष्ट्रपतिको कार्यभार सम्हाल्दै आएका केन्याताले कुल खसेको मतको ५४ दशमलव ३ प्रतिशत मत हासिल गरी निर्वाचित भएका हुन्।

उनका निकट प्रतिद्वन्द्वी राइला ओडिंगाले ४४ दशमलव ७ प्रतिशत मत प्राप्त गरेका छन्। विजयी घोषणा भएलगत्तै केन्याताले राष्ट्रिय एकतालाई जोड दिँदै विपक्षी समर्थकलाई सम्पूर्ण व्यक्ति गणतन्त्र केन्याका जनता भएकाले आफू तिनीहरूको माफ्न पनि पुग्ने बताएका छन्।

तर, विपक्षी राजनीतिक खेमाले चुनावी परिणामलाई अस्वीकार गर्दै चुनावमा अनियमितता भएको आरोप लगाएको छ। तर, यस चुनावको अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले पूर्ण अनुगमन गरेको थियो। तसर्थ केन्याताले यसपालिको चुनाव पूर्णरूपमा निष्पक्ष, स्वतन्त्र र विश्वसनीय भएको दाबी गरेका छन्। चुनाव परिणामप्रति असन्तुष्ट विपक्षी कार्यकर्ताले किसुमु शहर, नैरोबी का सुकुमबासी क्षेत्र र व्यवसायिक शहर किवेरामा व्यापक विरोध प्रदर्शन गरेका छन्।

सम्भावित हिंसा र अराजकतालाई ध्यान दिँदै तैनाथ गरिएका प्रहरीले विभिन्न स्थानमा प्रदर्शनकारीमाथि अश्रुग्याँस प्रहार गरेको छ। किसुमुमा रहेका बीबीसीका एक जना पत्रकारले त्यहाँ गोलीसमेत चलेको आवाज सुनिएको बताएका छन्। १० वर्षअघिको चुनावी परिणामको विवादका कारण शुरू भएको हिंसामा १ हजार १ सयभन्दा बढी केन्यालीको ज्यान जानुका साथै करिब ६ लाख विस्थापित हुनपुगेका थिए।

यसअघि ओडिंगाका समर्थकले आफैंले तथ्यांक प्रकाशित गरी उनले चुनाव जितेको घोषणा गरेका थिए। तर, निर्वाचन आयोगले उक्त नतिजालाई अस्वीकार गर्दै सो कार्य अवैध र अपरिपक्व रहेको जनाएको थियो। केन्याताले राजनीति हिंसा कति भयावह हुन्छ भन्ने सम्पूर्ण केन्यालीले विगतको घटनाबाट पाठ सिकिसकेकाले सबैलाई संयमित रहन र शान्तिपूर्वक चुनावी परणामलाई स्वीकार्न आग्रह गरेका छन्।

चुनाव नतिजाको सम्मुख ओडिंगाले पनि आफ्ना समर्थकहरूलाई शान्त रहन आह्वान गरेका थिए। तर, उनले आफूले कसैलाई नियन्त्रणमा राख्न नसक्ने तथा जनताले न्याय खोज्ने पनि बताएका थिए। ७२ वर्षीय राइला ओडिंगाको यो केन्याको राष्ट्रपति बन्ने चौंथो तथा सम्भवतः अन्तिम प्रयास हो। केन्याले सन् १९६३ मा स्वाधीनता हासिल गरेको थियो। अर्को प्रमुख विपक्षी राजनेता जेमस ओरेन्गोले गठबन्धनले असन्तुष्टीका विषयलाई अदालतमा भन्दा सडकमा जाने सम्भावना बढी भएको बताएका छन्।

# इजिप्टमा भयानक ट्रेन दुर्घटना



कायरो, (एजेन्सी)

उत्तरी इजिप्टमा दुई वटा यात्रुवाहक ट्रेन आपसमा ठोकिँदा कम्तीमा ४१ जनाको ज्यान जानुका साथै अन्य १ सय २० भन्दा बढी घाइते भएको स्वास्थ्य अधिकारीहरूले बताएका छन्। सामुद्र तटीय शहर अलेक्जिान्द्रियामा भएको उक्त भयानक दुर्घटनामा ट्रेनका थुप्रै डिब्बा पटरीबाट उछिटिएका छन्।

यान्त्रिक गडबडीका कारण गुडिरहेको एउटा ट्रेन अचानक रोकिन पुग्दा सो दुर्घटना हुन पुगेको बताइएको छ। पारवहनमन्त्री हिसाम अराफातले मानवीय त्रुटि र कमजोरीको कारण दुर्घटना हुन पुगेको बताएका छन्। इजिप्टमा विरलै मात्रामा यस्तो डरालाग्दो ट्रेन दुर्घटना हुने गरेको छ।

राजधानी कायरोबाट हिँडेको ट्रेन पोर्टबाट छुटेको अर्को ट्रेनसँग स्थानीय समयअनुसार शुक्रबार अपराह्न २ बजेर १५ मिनेट जाँदा आपसमा ठक्कर खाएको सञ्चारमाध्यमले जनाएको छ। आफ्नो घरको छतबाट यस घटनालाई प्रत्यक्षरूपमा देखेकी होडा नामक स्थानीय महिला भन्छिन्- 'दुईवटै ट्रेन जुद्धा पिरामिड जस्तै माथि उठेका थिए। यो देख्ना साथ चिच्याउँदै मद्दतका लागि मानिसलाई पुकार्दै आफैं पनि केही तन्ना लिएर घटनास्थलतर्फ दौडिएँ।'

राष्ट्रपति अब्देल फताह अल सिसीले यस घटनामाथि गम्भीर छानविन गर्न आददेश दिँदै सरकारले पीडित परिवारहरूलाई समयमै आर्थिक क्षतिपूर्ति दिने प्रतिबद्धता जाहेर गरेका छन्।

सन् २०१३ मा पनि कायरोको दषिणी भागमा एउटा ट्रेन अर्को मिनीबसमा जोतिन पुग्दा दर्जनौं व्यक्तिको ज्यान गएको थियो। यसै गरी सन् २००२ मा राजधानी नजिकै एउटा टन्न यात्रुले भरिएको ट्रेनमा आगलागी हुँदा ३ सय ७० जनाभन्दा बढी व्यक्तिको ज्यान गएको थियो।

# गर्भवती महिलालाई भिटामिन बी-३

सिडनी, (एजेन्सी)

वैज्ञानिकहरूले हालै मुसामा गरिएको एक अध्ययनले भिटामिन बी-३ को सेवनको कारण गर्भ तुहिने समस्या र शिशु जन्ममा गडबडी नहुने तथ्य पत्ता लगाएका छन्। अस्ट्रेलियाको सिड्नीस्थित भिक्टोर चाङ इन्स्टिच्युटका अनुसन्धानकर्ताहरूले यस अध्ययनबाट महिलाको स्वास्थका लागि निकै फाइदाजनक उपलब्धि हासिल गरेका छन्।

विश्वभरि प्रत्येक वर्ष ७९ लाख शिशुमा जन्मजात त्रुटि रहने गरेको यस टोलीको दाबी रहेको छ। अनुसन्धानकर्ताहरूले चार परिवारको डीएनए विश्लेषण गरेका थिए।



ती परिवारका महिलाको पटक-पटक गर्भ तुहिने गरेको र तिनीहरूबाट जन्मिएका शिशुहरूमा मुटु, मृगौला, मेरुदण्ड र मुखभित्र थुप्रै त्रुटि र कमजोरी हुने गरेको पनि पत्ता लागेको छ। अनुसन्धानकर्ताहरूले शिशुमा दुई वटा जिन अवरुद्ध हुनासाथ शरीरका कोषहरूलाई ऊर्जा निकाल्न र अंगहरू सामान्य ढंगले विकास गराउने तत्त्व निकोटिनामाइड एडेनाइन डिन्युक्लियोटाइडको कमी हुने पत्ता लगाएका छन्।

प्रमुख अनुसन्धानकर्ता प्रोफेसर स्याल्ली डनउडीले मुसामा यसरी जिन अवरुद्ध गरेपछि गर्भवती मुसालाई नियासिन (भिटामिन बी-३) दिइँदा फेरि सबैकुरा सामान्य अवस्थामा फर्केको पाएका थिए। अहिले पनि गर्भवती महिलालाई दिइने मल्टिभिटामिनमा १८ मिलिग्राम नियासिन रहने गरेको छ।

# विश्वकै सबैभन्दा जेठो पुरुषको निधन

जेरुसेलम, (एजेन्सी)

विश्वकै सबैभन्दा पाको उमेरका व्यक्ति इजरायल क्रिस्टलको १ सय १३ वर्षको उमेरमा निधन भएको शुक्रबार इजरायली सञ्चारमाध्यमले जनाएको छ। पोल्यान्डमा जन्मेका तथा तत्कालीन समयमा जर्मनीको नाजी हिटलरको अत्याचार प्रत्यक्ष देखेका उनी आगामी महिना १ सय १४ वर्ष पुग्न लागेको बताइएको छ।

तर, सौभाग्यवश त्यतिबेला हिटलरको यहुदी सफाया अभियानमा ज्यान जोगाउन सफल उनले गतवर्ष सय वर्षपछि आफ्नो धार्मिक अनुष्ठान 'बार मित्जाह' मनाउने निर्णय गर्दा इजरायली सञ्चारमाध्यमले उनलाई ठूलो महत्त्व दिएको थियो।



इजरायलको हाइफामा बसोबास गर्दै आएका उनले प्रथम विश्व युद्ध शुरू भएकाले उक्त रिवाज मनाउन पाएको थिएन। क्रिस्टलको सन् १९०३ मा पोल्यान्डको राजधानी वार्सादेखि करिब ९० माइल दक्षिणपश्चिममा पर्ने जार्नो नामक गाउँमा जन्म भएको थियो। धार्मिक विद्वानका छोरो उनका माता पिता प्रथम विश्व युद्धमा मारिएका थिए।

त्यसपछि परिवारको चकलेट कारखानामा काम गर्ने उद्देश्यले उनी लोड्ज पुगे। सन् १९३९ मा पोल्यान्डमा नाजी जर्मनीले आक्रमण गरेपछि क्रिस्टल आफ्नो परिवरसँग लोड्ज घेटोमा बसाइँ सरेका थिए।

उनका दुई सन्तानको मृत्यु भएपछि क्रिस्टल र उनकी पत्नी चाजा फेइज फ्रुच्टलाई सन् १९४४ मा अस्कवित्जमा पठाइयो। उनकी पत्नीको त्यहाँ हत्याको प्रयास भयो। तर, उनी बच्न सफल भइन्। उनले त्यहाँ र अन्य थुप्रै स्थानमा श्रम शिविरमा बसेर यातना खेपे। उनलाई सन् १९४५ को मे महिनामा आफ्नो पक्षका फौजले उद्धार गर्दा उनको शारीरिक वजन ३७ केजी मात्र रहेको थियो। उनलाई तत्कालीन सोभियत संघका फौजले उद्धार गरेको थियो।

# मानव अंग प्रत्यारोपणका लागि नयाँ विकल्प

वासिङ्टन, (एजेन्सी)

विश्वमा मानव अंग प्रत्यारोपणका लागि अंगहरूको अभाव भइरहेको वर्तमान समयमा अब आनुवंशिक परिवर्तन गरिएका अन्य जनावरका अंगले प्रमुख विकल्पको रूपमा काम गर्ने अमेरिकी अनुसन्धानकर्ताहरूले बताएका छन्।

वैज्ञानिकहरूले ३७ वटा सुंगुरका डीएनएलाई भाइरसमुक्त पार्न सफल भएका छन्। फलस्वरूप अब सुंगुरका अंगहरू मानवमा प्रत्यारोपण गर्न सकिने सम्भावना बढेको विशेषज्ञहरू बताउँछन्।

इजेनेसिस नामक यस



अनुसन्धान टोलिले मानव शरीरबाट सुंगुरका अंग अस्वीकार नगराउने कार्य निकै चुनौतीपूर्ण रहेको बताएको छ। तर, हालै दि जर्नल साइन्समा प्रकाशित यस अध्ययनसम्बन्धी एक प्रतिवेदनमा सुंगुरको छालाको कोषबाट शुरू भएको अनुसन्धान उत्साहजनक रहेको बताइएको छ।

परीक्षणहरूबाट २५ पर्भस पोर्सिन एन्डोजेनस रेट्रोभाइरस सुंगुरको आनुवंश कोडमा लुकिरहेको पाइएको छ। तर, मानव र सुंगुरका कोषलाई एकैसाथ राखेर गरिएको अनुसन्धानबाट मानव तन्तुलाई ती भाइरसको संक्रमणबाट जोगाउन सकिने देखिएको छ।

अनुसन्धानकर्ताहरूले २५ पर्भसलाई मेट्नका लागि गेम चेन्जिङ जिन इडिटिङ टेक्नोलोजी 'क्रिस्पर' प्रयोग गरेका थिए। त्यसपछि तिनीहरूले क्लोनिङ विधिबाट तयार गरिएको डोल्ली भेंडामा सुंगुरको अण्डामा रहेका कोषको आनुवंशिक पदार्थ राखेर भ्रुण बनाएका थिए।

यो प्रक्रिया निकै जटिल भए पनि यसबाट ३७ वटा निकै स्वस्थ सुंगुरका छाउरा जन्माइएको थिए। अमेरिकामा मात्र वर्षेनि १ लाखभन्दा बढी मानिसलाई अंग प्रत्यारोपणको आवश्यकता पर्ने गरेको छ। बेलायतमा अहिले ६ हजार ५ सय बिरामी अंग प्रत्यारोपणको प्रतीक्षामा बसिरहेका छन्।

२४ घन्टाको अवधिमा १ सय ४० मिलिमिटरभन्दा वा सोभन्दा बढी वर्षा भएमा मौसमविद्हरू औसत वर्षाको तह पार भएको बुझ्छन्। अविरल वर्षासँगै मुलुकका करिब १ दर्जनभन्दा बढी नदीमा पानीको बहावले खतराको तह पार गरेपछि शुक्रबार र शनिबार बिहान सबेरैदेखि खतराको संकेतस्वरुप साइरन बजाइएको छ।

## बाढीपहिरोको...

सप्तरी संवाददाताका अनुसार चार दिनदेखि लगातार परेको वर्षा र शुक्रबार राति परेको मुसलधारे वर्षाका कारण सप्तरी जिल्लाका विभिन्न खोलानाला र नदीमा आएको बाढीले सप्तरीमा ३ हजार घर डुबानमा परेका छन् भने १ हजार परिवार विस्थापित भएका छन्। अविरल वर्षाका कारण जिल्लाको जनजीवन कष्टकर बनेको छ। साथै सप्तकोशी नदीको वहाव उच्च भएपछि सुनसरी र सप्तरीनजिकका बासिन्दा त्रसित भएका छन्। जिल्लाको खाँडो, बिगुल, जिता, मोहुली, खडक र बलान खोलामा आएको बाढीले जिल्लाको दक्षिणपूर्वी तथा पश्चिमी भेगका अधिकांश गाउँ तथा शहरी क्षेत्र डुबानमा परेका छन्।

जिल्ला प्रशासन कार्यालय सप्तरीका अनुसार सप्तरी सदरमुकाम राजविराजलगायत जिल्लाका विभिन्न नगरपालिका र गाउँपालिका शनिबार डुबानमा परेका छन्। बाढीका कारण यातायात, कलकारखाना, शिक्षण संस्था तथा सरकारी कार्यालयका कामसमेत प्रभावित भएका छन्। राजविराजको मुख्य सडकमा तीन फिटभन्दा माथि पानी जमेको छ भने राजविराजको वडा नं १, २, ३, ४, ५देखि १५ वडासम्म डुबानमा परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। जिल्लाको पूर्वी भेगको मोहुली खोलामा आएको बाढीले कञ्चनरूप नगरपालिका-७ र ८ वडा, तिरुहुत गाउँपालिकाको भेडिया, मैनाकडेरी, गोइठी पिप्राहीलगायतको ठाउँ डुबानमा परेको स्थानीय विनाइ तिवारीले बताउनुभयो। हनुमाननगर कंकालिनी नगरपालिका-१ देखि १४ वडाको पोर्ताहा, भारदह, मधुवापुर, बेरवा, सकरदही, जोगीनियाँ, हनुमानगर र सप्तरीकै अति विकट मानिएको कोशी टप्पुमा अवस्थित कोशी नदीबाट आएको पानीले गोवरगाढाको बस्ती पूर्णरूपमा जलमग्न भएको छ।

त्यस्तै, सोही नगरपालिका-२ स्थित सकरदही र भारदहको बीचमा रहेको पश्चिमी नहरमा पानी निकासी बन्द हुँदा सयौं घर डुबानमा परेको हनुमानगर कंकालनी नगरपालिकाका श्यामसुन्दर खड्काले बताउनुभयो।

यसैगरी जिल्लाको पश्चिममा रहेको बलान खोलामा आएको बाढीले डाकनेश्वरी, बोदेवरसाइन नगरपालिकाको अधिकांश गाउँ डुबानमा परेका छन्। खडक नदीमा आएको बाढीले बोदेवरसाइन नगरपालिका-६ स्थित जोगियाटोलमा कटान शुरू भएको र त्यहाँ त्रासको अवस्था रहेको स्थानीयबासीले जनाएका छन्।

सो नदीले करिब दुई सय मिटर जमिनसमेत कटान गरेको जनाइएको छ। यसैगरी कोशी नदी र खाँडो नदीमा अत्यधिक बाढी आएका कारण जिल्लाको दक्षिणी भेगका देउरी भरुवा, तोपा, कजोली, लोनिया, सकरपुरा, रम्पुरा मलहनिया, इनरुवा र तिलाठी गाउँ पूर्णरूपमा डुबानमा परेको र त्यहाँका बासिन्दा गाईभैंसी तथा बाखा लिएर सुरक्षित स्थान र सडकमा आएर खुला आकाशमुनि पानीमा भिज्दै बसेका छन्। त्यस्तै राजविराजको गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र पूर्णरूपमा जलमग्न भएको छ। उक्त क्षेत्रको कम्पाउन्डवालसमेत भत्केको छ र उद्योगको काम ठप्प भएको त्यहाँको प्रशासनले जनाएको छ। त्यहाँ रहेका मलेठ, रायपुर, रूपनी, पोवापिप्राही, शम्भुनाथ, तैरोहता, वीरेनबजार, बर्दाही, बनैनिया पूर्णरूपमा जलमग्न भएको इलाका प्रहरी कार्यालय रूपनीले जनाएको छ।

यसैबीच प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालले पानीको बहाव नहुने क्षेत्रमा डोजर लगाएर पानी निकासका लागि बाटो काट्न, नदी कटान क्षेत्रमा बोरामा बालुवा हालेर राख्न सुरक्षा निकाय तथा गैरसरकारी संस्थालाई सञ्चालन गरिएको जानकारी दिनुभयो। क्षतिको विवरण संकलन कार्य भइरहेको र उद्धार तथा राहत वितरणको कार्यसमेत भइरहेको कटुवालले बताउनुभयो। विराटनगर संवाददाताका अनुसार निरन्तररूपमा शुक्रबार रातिदेखि वर्षा जारी रहेका कारणले मोरङमा अन्दाजी २ हजार घर डुबानमा परेका छन्। वर्षाका कारण विराटनगर विमानस्थलमा दुई फिट पानी जमेपछि हवाईसेवा अवरुद्ध भएको छ र विमानस्थलको सुरक्षागार्डको भवनमा समेत पानी पसेपछि कर्मचारीलाई सुरक्षित स्थानमा सारिएको छ।

विराटनगर महानगरपालिकाको १९ वटै वडाका अधिकांशको घरमा पानी पसेको छ। सोमध्ये, विराटनगरको ४, ५, ६, ११ र १२ नम्बरका वडा पूर्ण डुबानमा परेको र ती वडाबाट ६ सय परिवारलाई उद्धार गरी सुरक्षित स्थानमा सारिएको प्रहरीले जनाएको छ।

प्रहरी कार्यालय विराटनगरले जनाएअनुसार बूढीगंगामा अन्दाजी ३ सय ५० घरपरिवार डुबानमा परेका छन्। बौराहा टोलको १ सय ५० घर, मुडेरी टोलका १ सय ५० घर र दिपु टोलका ५० घर छन्। प्रहरीको टोली पीडितलाई उद्धार गरी सुरक्षित स्थानमा राख्ने कार्यमा जुटेका छन्। उर्लाबारी-८ को माझीटोलमा बक्राहा नुनसरी खोलाले १५ घर र मिक्लाजुङको खाँबेझाडो गाउँको-६ परिवारलाई डुबानमा पारेको छ भने धनपालथानको ५, ६ र ७ वडाका ३ सय परिवारको घर डुबानमा परेको छ। पीडित परिवारको उद्धार कार्यमा प्रहरी जुटेको छ। त्यसै गरी, रतुवामाई नगरपालिकाको ७, ८, ९ र ५ मा रतुवा र बक्राहा खोलाको पानी पसेपछि ७ सय परिवारलाई सुरक्षित स्थानमा सार्न प्रहरी टोली यतिखेर जुटेका छन्। धनपालथान-६ स्थित लोहोन्द्रा खोलाको बाँध फुटेर १ सय ५० घर डुबानमा परेको र रंगेलीको आमतोलामा चार घर डुबानमा परेको छ भने एकराही र जामुनगाछीको मानव बस्तीमासमेत पानी पसेको छ।

यसैबीच, शुक्रबार रातिदेखि विराटनगरमा विद्युत् सेवासमेत अवरुद्ध भएको छ। नेपाल टेलिकमको इन्टरनेटसेवा बिहान ९:३० बजेदेखि सुचारु भए पनि मोबाइल र टेलिफोनको एसटीडी सेवा सुचारु हुनसकेको छैन।

विराटनगर संवाददाताका अनुसार लोहन्द्रा खोलाले बगाउँदा शुक्रबार साँझ केराबारी गाउँपालिका-९ कुसुमे बस्ने ५६ वर्षीय मीनबहादुर थापाको मृत्यु भएको छ। स्थानीय बेलबारी बजारबाट घरतर्फ फर्कने क्रममा साँझ खोलाले बगाएका थापाको शव खोजी गर्ने क्रममा केही पर फेला परेको इलाका प्रहरी कार्यालय बेलबारीका प्रहरी निरीक्षक रामजी कटुवालले जानकारी दिए।

यस्तै पहिराले घर पुरिँदा लेटाङ नगरपालिका-१ मा शनिबार बिहान एक महिलाको मृत्यु भएको छ। दुई दिनदेखि लगातार परेको वर्षापछि पहिराले घर पुरिँदा ४० वर्षीया गोपीमाया तामाङको मृत्यु भएको सो वडाका कार्यालय सचिव धनमान तामाङले जनाए।

अविरल वर्षापछि सुन्दरहरैंचा नगरपालिका-४ स्थित बूढी खोलामा आएको बाढीले पुल कटान गर्न थालेपछि पूर्वपश्चिम राजमार्ग अवरुद्ध भएको छ। नेपालगन्जमा राप्तीसोनारी गाउँपालिका-४ लालपुर गाउँका कमीलाल थारुको घर भत्किँदा ३ जना बालिकाको मृत्यु भएको छ। शुक्रबार रातिदेखि परेको अविरल वर्षाले घरभित्र पानी पसेर एक्कासि घर भत्किँदा तीन छोरी मृतावस्थामा भेटिएको र तिनकी आमा बेपत्ता भएको बाँकेका प्रहरी उपरीक्षक टेकबहादुर तामाङले बताए।

लगातारको वर्षाले जिल्लाका विभिन्न स्थान डुबानमा परेका छन्। शुक्रबार राति १ बजेदेखि परेको वर्षाले राप्तीसोनारी गाउँपालिकाका बैजापुर, बिनौना र फत्तेपुर गाउँ तथा डुडुवा गाउँपालिकाका होलिया, बेतहानी, वनकटी र कम्दी गाउँ डुबानमा परेका छन्। यस्तै, कोहलपुर नगरपालिकाका पनि केही गाउँ डुबानमा परेका छन्। अहिले राप्ती नदीको सतह बढ्दै गएपछि गाउँमा बाढी पस्ने जोखिम बढेको छ। घरभित्र पानी पसेपछि मानिसहरू घरको छत तथा अग्लो स्थानमा बसेर हारगुहार गरिरहेका छन्। यसैबीच पूर्वपश्चिम राजमार्गअन्तर्गत बाँकेको खासकुश्मामा मुख्य राजमार्गमा ३ रूख ढलेका छन्। राप्ती नदीको तह बढेर जोखिम बढाएको छ।

सिन्धुली संवाददाताका अनुसार शुक्रबार बिहानैदेखिको अविरल वर्षापछि आएको पहिरोले पुरिएर शनिबार बिहान एकै परिवारका ४ जनाको ज्यान गएको छ। सिन्धुलीमाढी-२ नं बजारका उदयबहादुर खड्का परिवारका चार सदस्यको ज्यान गएको हो। शनिबार बिहान करिब २ बजे घरमाथिबाट आएको पहिरोले पुरिएर खड्काकी ३७ वर्षीया पत्नी दुर्गाकुमारी, १५ वर्षीया छोरी शोभा तथा छोरा १० वर्षीया अनिष र ८ वर्षीय मनिष रहेको जनाइएको छ।

सिन्धुलीमाढीमा दैनिक ज्याला मजदुरी गर्ने खड्काको परिवार नेपाल पत्रकार महासंघ सिन्धुलीको जग्गामा घर बनाएर बसेको थियो। जिल्ला प्रहरी कार्यालयको आवासीय भवननजिकैबाट झरेको पहिरोले घर पुरिएको थियो। राति २ बजेतिर पहिराले घर भत्काएपछि आफू भागेर बाँच्न सफल भएको तर राति हारगुहार गर्दा उद्धार गर्न ढिलो हुँदा परिवारका सबै सदस्यको मृत्यु भएको खड्काले बताउनुभयो। 'राति २ बजेतिर पहिरो आएछ। म ढोकाको छेउमा सुतेको थिएँ। पत्नी र छोराछोरी भित्तापट्टि सुतेका थिए। पहिरो आउनासाथ म भागें, उनीहरू भाग्न भ्याएनन्। राति २ बजेदेखि चिच्याएँ, ठूलो पानी परेकाले कोहीले थाहा पाएनन् क्यार, करिब ४ बजेतिर छिमेकीले प्रहरीमा खबर गरिदिए।' -खड्काले भन्नुभयो।

पहिरोमा परेकाहरूलाई ढिलो उद्धार गर्दा ज्यान गइसकेको थियो। शव सिन्धुली अस्पतालमा राखिएको छ। नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको टोलीले उद्धार प्रयास गरेको थियो। राति परेको अविरल वर्षाका कारण अन्य क्षेत्रबाट भने कुनै क्षति विवरण अहिलेसम्म नआएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

दाङ संवाददाताका अनुसार शुक्रबार रातिदेखि परेको अविरल वर्षासँगै आएको बाढीले घर बगाउँदा एकजना महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा तुलसीपुर-१३ का भगवती सुनार हुन्। स्थानीय तुईखोलामा आएको बाढीले घर बगाउँदा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ।

त्यसैगरी राप्ती नदीमा आएको बाढीले दर्जनौं घर डुबानमा परेको प्रजिअ गजेन्द्रबहादुर श्रेष्ठले जानकारी दिनुभयो। त्यस्तै, लमही नगरपालिका-५ मा दुईवटा घर पूर्णरूपले क्षति भएका छन् भने छवटा घर डुबानमा परेका छन्। यसैगरी बबई नदीमा आएको बाढीले दुईवटा घर बगाएको छ भने ३० घर डुबानमा परेको प्रहरीले जनाएको छ।

शुक्रबार राति १:३० बजेदेखि तुलसीपुर-नेपालगन्ज सडकखण्डमा यातायात ठप्प भएको छ। बबई नदीमा पानीको सतह बढ्न सक्ने भएकाले सतर्कता अपनाउन जिल्ला प्रशासन कार्यालय दाङले आग्रह गरेको छ।

अविरल वर्षाका कारण दाङ तुलसीपुर उपमहानगरपालिका वडा नं १३ को बखरिया, गोल्टाकुरीको कलम खोला, मोतीपुर, बाँकी गाउँ जलमग्न भएको छ। त्यसैगरी घोराही तुलसीपुर सडकखण्डको मोतीपुरमा पनि बाढीले सडक बगाएको इप्रका तुलसीपुरले जनाएको छ। बारामा दुई दिनदेखिको अविरल वर्षापछिको डुबानले भत्किएको घरले थिचेर एक महिलाको मृत्यु भएको छ। मृत्यु हुनेमा ४५ वर्षीया गहनी पासवान रहेकी छन्।

गोरखाको चुमनुब्री गाउँपालिका अन्तर्गत मनास्लु पदमार्गको चुम्लिङ र लोक्पाको बीचमा पहिरो खसेको छ। पहिरो खसेपछि स्थानीयहरू सँगै मनास्लु पदमार्ग भएर चुमभ्याली जानका लागि हिँडेका पर्यटकहरू बीच बाटोबाटै फर्कन बाध्य भएका छन्। गुल्मीमा अविरल वर्षासँगै गएको पहिरोले गुल्मीमा एक गोठ पुरिँदा गोरु र भैंसीको पाडी मरेका छन्। जिल्लाको मुसिकोट नगरपालिकाको वडा नम्बर ६ कुर्घामा कृष्ण परियारको गोठमा रहेका गोरु र भैंसीको पाडी पुरिएर मरेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायब उपरीक्षक महेन्द्र नेपालले जानकारी दिए। डोटीमा वर्षाका कारण डोटीको सेती नदीमा पनि पानीको सतह बढ्दै गइरहेकाले नदी किनाराका बासिन्दाहरूलाई सतर्क रहन स्थानीय प्रशासनले आह्वान गरेको छ। सेती नदीको आस पासमा रहेका बानिडुग्रिसैन, बारपाटा, सिरखोलीसैन, कालागाढ, दिपायल, घोल्तडा तथा नारीदाङ क्षेत्रमा नदीको बहाव बढेसँगै जमिन कटान भएकाले खतरा बढेको प्रहरीले जनाएको छ।

पाल्पा संवाददाताका अनुसार शुक्रबार रातिदेखि परेको अविरल वर्षाले रामपुर नगरपालिका-१० मा एक घर पुरिएको छ भने दुई घर जोखिममा परेका छन्। कालीगण्डकी करिडोरको आडैमा रहेको दुर्गा मन्दिर टोलमा रहेको छमबहादुर आलेको घर पुरिएको हो। कालीगण्डकी करिडोरको बाटोमा खनिएको कच्ची नाली बाढीले भत्काउँदा घर पुरिएको स्थानीयबासीले जनाएका छन्। बाढीले घर पुरिएपछि आलेको परिवार अहिले आफन्त र छिमेकीको शरणमा बसेका छन्। त्यस्तै, सोही स्थानकै देवनाथ अधिकारी, भोलानाथ पाण्डेय र आनन्द पाण्डेको घर जोखिममा रहेको छ। कालीगण्डकी करिडोरले कच्ची नाली निर्माण गरेका कारण यहाँ क्षति हुन पुगेको हो। करिडोरको बाटोमा करिब ५ मिटर चौडाइदेखि १० मिटर गहिराइसम्म पानीले खोलेको छ। यस क्षेत्रमा करिडोरको बाटोको नाली भत्किँदा करिब ५ बिगाहा क्षेत्रफलमा लगाइएको धान पुरिएको कृषकले बताएका छन्। जाजरकोट संवाददाताका अनुसार लगातार परेको पानीका कारण खोलानाला बढेपछि जाजरकोटका दर्जन ठाउँमा विद्युत् आपूर्ति बन्द भएको छ। विद्युत् उत्पादनका लागि ल्याइएको पानीको नहर भत्किएपछि विद्युत् सेवा अवरुद्ध भएको छ।

लाखौं रकम खर्चेर निर्माण गरेका विद्युत् सेवा अवरुद्ध भएपछि स्थानीयबासी अन्धकारमा बस्न बाध्य भएका छन्। त्रिवेणी नलगाड नगरपालिका-३ करुवास्थित भेरीखोला चिलिखोलेसा लघु जलविद्युत् योजनाको नहर बगाएपछि विद्युत् सेवा ठप्प भएको छ। बाढीले कुलो भत्काउँदा ६५ घरधुरी अँध्यारोमा बस्न बाध्य भएको त्रिवेणी नलगाड नगरपालिका-३ का वडा अध्यक्ष प्रचण्ड बलीले बताउनुभयो।

चितवन संवाददाताका अनुसार बाढीका कारण चितवनको दक्षिणी क्षेत्रमा पर्ने माडी नगरपालिकाका विभिन्न बस्ती डुबानमा परेका छन्। रातिदेखि परेको अविरल वर्षाका कारण आएको बाढीले यहाँका दर्जनौं बस्तीका सयौं घर डुबानमा परेको जनाइएको छ।

उहाँले यहाँका तीन/चार सयभन्दा बढी घर डुबानमा परेको जानकारी आएकाले यससम्बन्धी विवरण संकलन भइरहेको बताउनुभयो। नारायणगढ-मुग्लिन सडक खण्डअन्तर्गत इच्छाकामना गाउँपालिका-६ को सेतीदोभान भन्ने ठाउँमा पहिरो खसेपछि सडक अवरुद्ध भएको छ।

दिनभरको अविरल वर्षापछि पहिरोको जोखिम हुनसक्ने भन्दै अपराह्न २ बजेदेखि सवारी आवागमन रोकिएको थियो। त्यसैगरी, मुग्लिनको मुखैमा, भालुढुंगा, भोर्लेलगायत ठाउँमा पनि पहिरो खसेको छ। महोत्तरी संवाददाताका अनुसार अबिरल वर्षाका कारण महोत्तरी जिल्लाका दुई मुख्य पक्की र ४० वटा ग्रामीण सडकसहित ४२ वटा सडकमध्ये ४१ वटा सडक अवरुद्ध भएका छन्।

तीन/चार दिनदेखि लगातार भइरहेको वर्षाका कारण सडक बिग्रिएपछि जिल्लामा रहेका ४० ग्रामीण सडक र दुई मुख्य पक्कीसहित ४२ वटा सडकमध्ये ४१ वटा सडक अवरुद्ध भएका छन्। जनकपुर संवाददाताका अनुसार अविरल वर्षाका कारण जनकपुर उपमहानगरपालिका जलमग्न भई यहाँका घरघरमा पानी पसेको छ।

पानीको निकास हुन नसकेकाले मुख्य सडक जलाशयमा परिणत भएको छ। एकीकृत शहरी विकास आयोजनाले नाला निर्माणमा गरेको ढिलाइ र लापरबाहीले गर्दा पानीको बहाव बन्द भई प्रजिअ, सुरक्षाकर्मी आवास परिसर, राष्ट्रिय समाचार समिति, आन्तरिक राजस्व, हुलाक, परिवार नियोजन, महिला विकास, कोष तथा लेखा नियन्त्रण, जिल्ला प्रहरी कार्यालय, अञ्चल प्रहरी कार्यालय परिसर डुबानमा परेका छन्।

झापामा तीन दिनदेखि परेको अविरल वर्षाले झापा जिल्लाको जनजीवन अस्तव्यस्त बनेको छ। झापामा अहिलेसम्म ४ जनाले ज्यान गुमाइसकेका छन् भने ३ जना बेपत्ता रहेको झापा प्रहरीले जनाएको छ।

मृत्यु हुनेमा शिवसताक्षी नगरपालिका १ बस्ने २८ वर्षीय लेखनाथ पाण्डे, कचनकवल गाउँपालिका ३ बस्ने २२ वर्षीय रामप्रसाद राजवंशी, झापा गाउँपालिका २ बस्ने अन्दाजी ३५ वर्षीया धनमाया घोर्षानी र सोही गाउँपालिका २ बस्ने अन्दाजी ३४ वर्षीया कमला दर्लामीको मृत्यु भएको हो।

मृतक कमलाका पति टेकबहादुर र छोरी खुसी दर्लामी बेपत्ता भएको प्रहरी कार्यालय झापाका डीएसपी हरिप्रसाद शर्माले जानकारी दिनुभयो। त्यस्तै मृतक धनमायाको छोरी अन्दाजी १५ वर्षीया कमला घोर्षानी पनि बेपत्ता भएको र उनलाई कनकाई नदीले बगाएको हो। बेपत्ता भएका तीनै जनाको खोजी कार्य भइरहेको डीएसपी शर्माले जानकारी दिनुभयो। झापामा बाढीले भद्रपुर, शिवसताक्षी, विर्तामोड, गौरीगन्ज, झापा, बाह्रदशी र कचनकवल क्षेत्रका बासिन्दा बढी प्रभावित बनेका छन्। नेपाल रेडक्रस सोसाइटी झापा विपद् व्यवस्थापन शाखाले दिएको जानकारीअनुसार अहिलेसम्म १ हजार १ सय ६९ घरपरिवार बाढीले विस्थापित भएका छन्। उनीहरूलाई सुरक्षित स्थानतर्फ सारिएको छ। १२ सय ४९ घर डुवानमा परेका छन्।

३ घर पूर्णरूपमा क्षति भएको छ भने १ हजार १ सय ६६ घरमा आंशिक क्षति पुगेको जनाएको छ। मेची नदीले झापाको भद्रपुर नगरपालिका-५ स्थित मेचीकिनारमा ६० घर डुबानमा परेको छ। भद्रपुर-३ स्थित मेचीपारी र भैसावाडीमा ३ सय बढी घर डुबानमा परेका छन्। कनकाई नदीमा आएको बाढीले झापा गाउँपालिका २ का सम्पूर्ण वडा र वडा १, ३ र ६ का १ सय ५० घर डुबानमा परेका छन। गौरीगन्ज १ र २ का ३ सय बढी घर डुबानमा परेका छन्। बाह्रदशी-१ र २ का २ सय घर डुबानमा परेका छन्।

त्यस्तै कचनकवल-४ मा १ सय ६७ घर डुबानमा परेका छन्। झापामा वर्षा जारी रहेकाले झापामा उद्दार कार्यमा समस्या आएको छ। नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, रेडक्रस र स्थानीय जनप्रतिनिधि उद्धार कार्यमा खटिएका छन्।

जनकपुर अञ्चल अस्पतालमा दुई फिटभन्दा अधिक पानी जमेको छ भने रासस र हुलाक कार्यालयका कोठामा पानी पसेर कागजातलाई भिजाएको छ। अञ्चल अस्पतालमा पानी जमेका कारण बिरामीले सास्ती भोग्नुपरिरहेको छ।

रौतहटमा तीन दिनदेखि लगाातार परेको अविरल वर्षासँगै यहाँका नदीमा आएको बाढीबाट सिंगो रौतहट नै प्रभावित बनेको छ। रौतहटको देवाहीस्थित लाल बकैया नदीको तटबन्ध भत्किएर नदीकै पानी बस्तीमा प्रवेश गरेको छ। उक्त पानीले सो बस्ती पुरै डुबानमा परेको छ। त्यहाँका ३ सयभन्दा बढी बासिन्दा डुवानबाट जोगिन एउटा तीन तल्ले घरमा आश्रय लिई बसिरहेका छन्। उनीहरूको उद्धार गर्न कठिन भइरहेको थियो।

यस्तै करुनियामा समेत सोही नदीको तटबन्ध भत्किएर बस्तीमा नै पानी प्रवेश गरेर डुबानमा परेको छ। गरुडा नगरपालिकाको विभिन्न वडा गरी करिब २ सय घर डुबानमा परेका छन्। उक्त बस्तीको अर्को बस्तीसँग जोड्ने बाटो अवरुद्ध भएकाले सम्बन्ध नै विच्छेद भएको छ। सदरमुकाम गौर आउने रौतहटको सबै ग्रामीण इलाकाका सडक अवरुद्ध बनेपछि सदरमुकामसँगको सम्पर्क विच्छेद भएको छ। बाढीका कारण गौर चन्द्रनिगाहपुर र पूर्वपश्चिम राजमार्गमा यातायात पूर्णरूपमा बन्द रहेको बताइएको छ। वर्षाको पानीले पूर्वीभेग मत्सरी, सरुअठा, मलहिनिया, समनपुर, पश्चिमीभेग देवाही, करुनिया, जिंगडवा, मर्यादपुर, इनरवा, मटिअर्वा, कटहरिया, कर्कचकमैंया, भसेढवा, बडका बडेरवा, फतुआ, हर्षाहा, लक्ष्मिनिया, शीतलपुर, बैरगनियालगायत रौतहटका ७० प्रतिशत बस्ती डुबानमा परेका छन्।

सन्तपुर, मैढा कटानीका बस्तीहरूमा पनि बाढी पसेको छ। रौतहटका प्रमुख जिल्ला अधिकारी उद्धवबहादुर थापाले अविरल वर्षापछि उत्पन्न विपत्पछिको राहत र उद्धारमा नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा नेपाली सेनाको टोली खटिरहेको बताउनुभयो। नदीमा पानीको बहाव बढेकोले त्यसले प्रभाव पार्ने क्षेत्रका बासिन्दालाई सर्तक रहन आग्रह गर्नुभयो।

हेटौंडा संवाददाताका अनुसार मकवानपुरको भीमफेदीगाउँपालिका-८, इपाको पाखाटोलमा शनिबार बिहान करिब ६ बजे घर भत्किँदा एक महिलाको मृत्यु भएको छ। अर्की एक महिला घाइते भएकी छन्। वर्षाका कारण घरमाथिको ढिस्कोबाट गएको पहिरोले घर भत्किँदा कृष्णबहादुर दानीकी ५५ वर्षीया पत्नी मिठु दानी पुरिएकी थिइन्। शनिबार बिहान पुरिएकी उनको समयमा उद्धार हुन नसक्दा घटनास्थलमा मृत्यु भएको हो।

नवलपरासी संवाददाताका अनुसार पूर्वपश्चिम महेन्द्र राजमार्गको दाउन्ने पहाडस्थित विभिन्न ठाउँमा पहिरो गएर सडक भासिँदा यातायात अवरुद्ध भएको छ। दाउन्नेको खुर्सानी खोला, घिउखोलालगायतका आधा दर्जन ठाउँमा सडकमाथिबाट पहिरो खसेको छ भने एस मोडभन्दा करिब २ किमिमाथि सडक भासिएको छ। शुक्रबार रातिदेखि पहिरोका कारण सडक अवरुद्ध रहेकामा शनिबार बिहान सडक भासिएपछि थप जोखिम बढेको जिप्रका नवलपरासीले जनाएको छ। सडकको तल्लो भागबाट जाली लगाई माटोभरी सडक उठाए पछिमात्र सडक सुचारू हुन सक्ने सडक प्राविधिकहरूले बताएका छन्।

## उमेर...

प्रहरी निरीक्षकबाट प्रहरी नायब उपरीक्षकमा बढुवा भएका १४ जनामध्ये उनी अन्तिममा बढुवा भएका थिए। उनले पेस गरेको नागरिकतामा फरक फरक जन्ममिति फेला परेपछि प्रहरी किताब खानाले कारबाहीका लागि प्रहरी प्रधान कार्यालयलाई पत्र पठाएको छ। उनले पेस गरेको नागरिकताअनुसार डेढ वर्षअघि नै सेवाबाट अनिर्वाय अवकाश पाउनुपर्ने थियो। तर उनले ढाँटेर फरक जन्म मितिको नागरिकता पेस गरेर बढुवासमेत भएका थिए।

उनको बढुवासमेत रद्द गर्ने तयारी प्रहरी प्रधान कार्यालयले गरेको छ। प्रहरी किताब खानाले सिंहलाई यस विषयमा पटक पटक लिखित तथा मौखिक ताकेता गरेको भए पनि उनले कुनै जवाफ नदिएपछि कारबाही प्रक्रिया अगाडि बढाइएको छ। यस विषयमा प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक पुष्कर कार्कीले उक्त घटनाको विषयमा अनुसन्धान भइरहेको जानकारी दिनुभयो। सिंहले मिति ढाँटेर जागिर खाएको भए कानुनअनुसार कारबाही हुनेसमेत प्रवक्ता कार्कीले जानकारी दिनुभयो।

# वर्षा : पूर्वमा आज घट्ने, पश्चिममा भोलि

टीका बन्धन, काठमाडौं

पूर्वी र मध्य तराईका अधिकांश भेग जलमग्न भएका छन्। २४ घन्टाको अवधिमा अधिकांश स्थानमा औसतभन्दा बढी वर्षा भएको छ। दाङको घोराही, बाँकेको कुसुम र आसपासको क्षेत्रमा २४ घन्टाको अवधिमा १ सय मिलिमिटरभन्दा बढी वर्षा भएको जल तथा मौसम पूर्वानुमान महाशाखाको तथ्यांक छ।

सिमरामा सबैभन्दा बढी २ सय २७ मिलिमिटर वर्षा भएको छ। मौसमविद्हरूका अनुसार शनिबार घोराही, कुसुम आसपासका क्षेत्रमा 'क्लाउड ब्रस्ट' भएको छ। शुक्रबारयता पूर्वी र मध्य तराईका भेगमा औसतभन्दा बढी वर्षा भएपछि नदी र जलाधार क्षेत्रले खतराको तह पार गरेको मौसम विभागले जनाएको छ।

वर्षा सक्रिय गराउने प्रणाली (न्यून चापीय रेखा) भारतीय भू-भागबाट मुलुकको मध्य क्षेत्रको पहाडी भेगसम्म सरेकाले अहिले धेरै स्थानमा वर्षा भएको विभागले प्रष्ट्याएको छ। मनसुनको सामान्य अवस्थामा न्यून चापीय रेखा भारतको दिल्ली र कोलकाता आसपासमा रहने मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सुवास रिमालले बताउनुभयो। विराटनगर, जनकपुर, सिमरा, दाङ, नेपालगन्जलगायतका क्षेत्रमा औसतभन्दा बढी वर्षा भएको उहाँले जानकारी दिनुभयो। 'विराटनगरको मौसम तथा जलमापन केन्द्र शनिबार बिहानदेखि नै डुवानमा परेकाले त्यहाँको वास्तविक मौसमी सूचना अद्यावधिक गर्न समस्या भएको छ' -रिमालले नेपाल समाचारपत्रसँग भन्नुभयो।

### प्रमको निर्देशन

काठमाडौं, (नेस)

प्रधानमन्त्री शेरबहादुर देउवाले बाढी पहिरोबाट भएको क्षतिप्रति दुःख व्यक्त गर्दै तत्काल आवश्यक कदम चाल्न सरकारी निकायलाई निर्देशन दिनुभएको छ। उहाँले नेपाली कांग्रेसका स्थानीय पार्टी निकायहरू तथा भातृ एवं शुभेच्छुक संघसंस्थाहरूलाई पनि तुरुन्त घटनास्थलमा पुगेर पीडित परिवारहरूको उद्धार र राहत कार्यमा आवश्यक सहयोग पुर्‍याउन निर्देशन दिनुभएको छ।

२४ घन्टाको अवधिमा १ सय ४० मिलिमिटरभन्दा वा सोभन्दा बढी वर्षा भएमा मौसमविद्हरू औसत वर्षाको तह पार भएको बुझ्छन्। अविरल वर्षासँगै मुलुकका करिब १ दर्जनभन्दा बढी नदीमा पानीको बहावले खतराको तह पार गरेपछि शुक्रबार र शनिबार बिहान सबेरैदेखि खतराको संकेतस्वरूप साइरन बजाइएको छ।

बबई नदीको चेपाङ, तुल्सीपुर, घोराही, अम्बापुर, पश्चिम राप्तीको कुसुम स्टेसनमा खतराको तह पार भएपछि साइरन बजाइएको हो।

त्यसै गरी नारायणी नदीको पूर्वी भेगको राजाइया, माडी, गोविन्दवस्ती, झापाको सोक्तिम चिया बगान क्षेत्र भएर बहने कन्काई नदीमा पनि खतराको सूचकस्वरूप साइरन बजाइएको मौसम विभागको बाढी पूर्वानुमान शाखाले जनाएको छ।

पश्चिम राप्ती, बबई, चितवनको रिउ र माडी तथा झापाको कन्काई नदीको तल्लो तटीय क्षेत्र र नदी किनारा आसपासमा बसोबास गर्ने करिब साढे ५ लाख व्यक्तिलाई मोबाइलमार्फत 'मास एसएमएस' पठाइएको विभागले जनाएको छ। नेपाल टेलिकम र एनसेल सीम प्रयोगकर्ता स्थानीयलाई सजग रहन र सुरक्षित स्थानमा स्थानान्तरण हुन एसएमएस सन्देश पठाइएको बाढी पूर्वानुमान शाखाका विज्ञ विनोद पराजुलीले जानकारी दिनुभयो। बाग्मती, कमला, बबई, पश्चिम राप्ती, भेरीलगायतका नदी तटीय क्षेत्रमा जल बहाव बढ्दो क्रममा रहेकाले सर्तकता अपनाउन सूचना सम्प्रेषण गरिएको उहाँले बताउनुभयो।

यसैबीच मुलुकको पूर्वी भेगमा आज आइतबारदेखि वर्षा कमजोर रहेर मौसम क्रमशः सुधार हुने भएको छ। तर वर्षाको प्रभाव आइतबार मध्य भेगसहित, पश्चिम र सुदूरपश्चिमी क्षेत्रमा यथावत रहने मौसमविद् रिमालले जानकारी दिनुभयो। भोलि सोमबारदेखि भने मुलुकका अधिकांश भेगमा मनसुन कमजोर रहने र मौसममा सुधार आउने मौसमी गतिविधि विकास भइरहेको उहाँले बताउनुभयो।

# प्रचण्ड–बाबुरामबीच भेटवार्ता



काठमाडौं, (नेस)

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नयाँ शक्तिका संयोजक डा. बाबुराम भट्टराईबीच पार्टी एकीकरणको विषयमा दुई घण्टा भेटवार्ता भएको छ। नयाँ शक्तिमा रहेका नेताहरू धमाधम माओवादीमा फर्किन क्रम शुरू भएपछि पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका माओवादीका अध्यक्ष प्रचण्डले संयोजक भट्टराईलाई पार्टी एकीकरण गरेर नै अगाडि बढ्न आग्रह गर्नुभएको छ।

अप्रेसनपछि आराम गरेर बस्नुभएका नेता भट्टराईलाई भेट्न अध्यक्ष प्रचण्ड शनिबार टोखास्थित भट्टराईले आराम गरेको निवासमा नै पुगेर विभाजित भएर माओवादी शक्ति कमजोर भएकाले एकीकरण गरेर नै बाँकी कार्यभार पूरा गर्न आग्रह गर्नुभएको थियो। प्रचण्डका प्रेस संयोजक मनहरि तिम्सिनाले प्रचण्ड र भट्टराईबीच भएको छलफलमा समसामयिक राजनीतिक परिस्थितिका विषयमा कुराकानी भएको बताउनुभयो।

भेटमा नेता भट्टराईले समग्र विषयमा समीक्षा गरेर निष्कर्षमा पुग्न सकिने बताउँदै त्यसका लागि छलफललाई जारी राख्ने प्रतिक्रिया दिनुभएको थियो।

नेपाल सरकार
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग
पुर्वाञ्चल क्षेत्रीय सडक निर्देशनालय
डिभिजन सडक कार्यालय, लहान
आर्थिक प्रस्ताव खोल्ने सम्वन्धी सुचना
प्रथम पटक प्रकासित मिति:२०७४।०४।२९

यस डिभिजन सडक कार्यालयबाट मिति २०७४।१।१८ मा प्रकासित सुचना अनूसार रितपूर्वक दाखिला हून आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव छनौट भएकोले सार्वजनीक खरिद नियमावली २०६४ को नियम ३१(ङ)५ अनूसार आर्थिक प्रस्ताव खोली मूल्यांकन प्रयोजनार्थ सम्वन्धित बोलपत्रदाताहरुलाई उपस्थितीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | बोलपत्र नं | बोलपत्रदातको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| १ | DROLHN/3373664 / 073/074-184 | श्री कमल निर्माण सेवा, जनकपूर-९ धनूषा | डिभिजन सडक कार्यालय, लहान, सिरहा २०७४/०५/०५ गते दिनको १.०० वजे |
| | | श्री रोशन कन्स्ट्रक्सन प्रा.लि. जनकपूर-४ धनूषा | |
| | | श्री बाम्ती/वर्ल्डवाइड/अजय जे.भी., काठमाण्डौं | |
| | | श्री सूर्या/बिकास जे.भी.,लहान-३,सिरहा | |
| २ | DROLHN/3373664 / 073/074-185 | श्री पप्पू/कमल जे.भी., जनकपूर-९ धनूषा | |
| | | श्री रोशन कन्स्ट्रक्सन प्रा.लि.जनकपूर-४ धनूषा | |
| | | श्री बाम्ती/वर्ल्डवाइड/अजय जे.भी., काठमाण्डौं | |
| | | श्री बज्रगुरु /विकास जे.भी., लहान सिरहा | |
| | | श्री गजूरमूखी/वि.पी.जे.भी., काठमाण्डौं । | |
| ३ | DROLHN/3373664 / 073/074-186 | श्री रोशन/रामजानकी जे.भी.जनकपूर-४ धनूषा | |
| | | श्री सूर्या/विकास जे.भी.,लहान-३, सिरहा | |
| | | श्री रौताहा कन्स्ट्रक्सन प्रा.लि.गाइघाट, उदयपूर | |

डिभिजन प्रमुख

# ORIENTAL HOTELS LTD.

पो. ब. नं. २२६९, लाजिम्पाट, काठमाडौं। फोन नं. ४४११८१८, ४४२३८८८। फ्याक्स ४४२२३३०

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२ को उपनियम २ बमोजिमको

## आर्थिक वर्ष २०७३/७४ को चौथो त्रैमासिक प्रतिवेदन

**१. वित्तीय विवरण:**

**(क) चौथो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण ।**
(आर्थिक वर्ष २०७३/७४ मा यस कम्पनीको सन् २०१७ जुलाई १५ मा समाप्त भएको अवधि चौथो त्रैमासिक) सम्मको वार्षिक वित्तीय विवरण अनुसूचि १ मा प्रस्तुत गरिएको छ।

**टिप्पणी:** यस होटलले प्रत्येक अंग्रेजी महिनाको अन्त्यमा मासिक रुपमा नाफा नोक्सान हिसाव खाता तयार पार्ने हुँदा उपर्युक्त लेखा परिक्षण गर्न बाँकी वित्तीय विवरण सन् २०१६ जूलाई १६ देखी २०१७ जुलाई १५ मा समाप्त भएको अवधि सम्मको विवरण प्रस्तुत गरिएको छ।

**(ख) प्रमुख वित्तीय अनुपातहरू:**

| विवरण | सुचकाङ्क | यस वर्षको चौथो त्रैमासिक १६/७/०१६ देखि १५/०७/०१७ सम्म लेखा परीक्षण नभएको | गत वर्षको तेस्रो त्रैमासिक १६/०७/०१६ देखि ३१/०३/०१७ सम्म लेखा परीक्षण नभएको | गत वर्षको चौथो त्रैमासिक १७/७/०१५ देखि १५/०७/०१६ सम्म लेखा परीक्षण भएको |
|---|---|---|---|---|
| डेब्ट ईक्युटी अनुपात | अनुपात | ०.६३ | ०.६५ | ०.७५ |
| शेयर पूंजी कोष आम्दानी | प्रतिशत | २१.६२ | १७.४३ | १३.६५ |
| प्रति शेयर आम्दानी | रु. | २८.५५ | २१.८५ | १७.८२ |
| नेटवर्थ प्रति शेयर | रु. | १३२.०३ | १२५.३३ | १३०.४९ |
| प्रति शेयर कुल स्थिर सम्पत्ति | रु. | २३०.५० | २२१.९४ | २५२.९१ |
| प्रति शेयर बजार मूल्य | रु. | ७६० | ६०४ | ५८५ |
| मूल्य आम्दानी अनुपात | रु. | २६.६२ | २७.६५ | ३२.८३ |
| चालू अनुपात | अनुपात | १.३१ | १.५६ | १.३१ |

**२. व्यवस्थापकीय विश्लेषण:**
(क) यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलता सन्तोषजनक नै रहेको छ ।
(ख) गत वर्षको यही त्रैमासिक अवधिको तुलनामा समीक्ष अवधिमा कुल आम्दानीमा औशत २७.७५ प्रतिशतले वृद्धि भएको छ। कुल आम्दानी मध्धे कोठाको आयमा ४०.८९ प्रतिशतले वृद्धि भएको छ भने खाध तथा पेय पदार्थमा ३७.२२ प्रतिशतले वृद्धि भएको छ, जसको मुख्य कारण गत बर्षको समिक्षा अवधिमा बैशाख १२, २०७२ गते देखि नेपालमा आएको महाभुकम्पले गर्दा समग्र पर्यटन क्षेत्रले सोचे जस्तो सुधार भएको थिएन भने त्यसताका राजनैतिक अस्थीरता कायमै रहेकोले समग्र पर्यटन क्षेत्रनै प्रभावित हुन पुगेकोले थियो तर हाल आएर पर्यटन क्षेत्रमा क्रमिक रुपमा सुधार हुँदै गएको परिप्रेक्षमा गत बर्षको यसै समिक्षा अवधिको तुलनामा यस चौथो त्रैमासिक अवधि सम्ममा आय र नाफामा समेत उल्लेख्य बृद्धि भएको देखिन्छ।
(ग) बजारमा रहेको तीब्र प्रतिस्पर्धात्मक वातावरणका बावजूदपनि यस होटलले पाहूनाहरुको आवश्यकता र चाहनालाई मध्यनजर राखेर स्तरीय सेवा तथा सुविधाहरु प्रदान गर्ने साथै अत्याधुनिक प्रविधिको उपयोग गरेर आउने दिनहरुमा राम्रो नतिजा प्राप्त गर्ने लक्ष्य रहेको छ।
(घ) यस होटलले यसै समक्षा अवधिमा ब्यापार बिस्तार गर्नको लागी होटल परिशर नजिक रहेको जग्गा खरिद गरिएको छ।
(ङ) प्रत्येक सुचिकृत कम्पनीले नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट लागु गरिएको नेपाल बित्तिय प्रतिवेदन मान (NFRS) आ.ब. २०७३।०७४ देखि लागु गरिएकोले यस होटलले पनि सो लाई परिपालन गर्ने कार्य तिब्र रुपमा अगाडी बढाईएको छ।
(च) सहवित्तियकरण कर्जा एवम् चालू पूँजीहरुको साँवा र व्याज निर्धारित समय भन्दा अगावै भुक्तानी गरिएको छ।

**३. कानुनी कारवाही सम्बन्धी विवरण:**
(क) यस त्रैमासिक अबधिमा यस होटलले/बिरुद्ध कूनै मूद्दा दायर नभएको।
(ख) यस कम्पनीको संस्थापक वा संचालकको तर्फबाट वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको।
(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण:**
**(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:**
शेयर मूल्य तथा कारोबार खुल्ला बजारले निर्धारण गरे अनुरुप हुने हुँदा शेयर कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।
**(ख) यस अवधिमा कम्पनीको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोबार संख्या निम्न अनुसार रहेको:**

| विवरण | अधिकतम मूल्य रु. | न्यूनतम मूल्य रु. | अन्तिम मूल्य रु. | कुल कारोबार संख्या | कारोबार दिन |
|---|---|---|---|---|---|
| २०७३/७४ को चौथो त्रैमासिक अवधिको | ७६० | ५७३ | ६५४ | ६८८ | ६६ |

यस कम्पनीले आफ्नो शेयर रजिष्ट्रारको रुपमा श्री एनआइबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाडौंलाई मुकरर गरिएको र माथि उल्लिखित विवरण नेपाल स्टक एक्स्चेन्ज लिमिटेडको वेबसाईट **www.nepalstock.com** मा उपलब्ध रहेको। उपरोक्त वेबसाईटमा उपलब्ध भएको सन् २०१७ मार्च १ देखी २०१७ जुलाई १५ को शेयरको तथ्याकंलाई आधार लिईएको ।।

**५. समस्या तथा चुनौतीहरू:**
**क) आन्तरिक समस्याहरू :** यस कम्पनीमा आन्तरिक समस्या नरहेको।
**ख) बाह्य समस्याहरू :**
(१) अघोषित रुपमा गरिने बन्द तथा हडतालबाट पर्यटन क्षेत्रमा पर्ने प्रत्यक्ष एवं अप्रत्यक्ष प्रभाव।
(२) विद्युत महसुलमा भएको बृद्धिले गर्दा सञ्चालन खर्चमा बृद्धि हुनु।
(३) देशमा विद्यमान अस्थीर आर्थिक तथा राजनैतिक अवस्था।
(४) पर्यटन भौतिक पूर्वाधारको विकासको कमी।
(५) बिदेशी मुद्राको विनिमय दरमा हुने अप्रत्याशित परिवर्तन।
(६) नेपालमा आएको प्राकृतिक तथा देवी बिपदा तथा प्रकोप, अचानक आइपर्ने असहज परिस्थिती को प्रवाहले ब्यवसायमा पर्नसक्ने असर।

**६. संस्थागत सुशासन:**
संस्थागत सुशासन अभिबृद्धिका लागि ब्यवस्थापनद्वारा पालन गर्नुपर्ने आचरणसम्बन्धी ब्यबस्था, संचालकहरुको कर्तब्य र उत्तरदायित्वप्रति, कर्मचारीहरुले पालन गर्नुपर्ने आचरणसम्बन्धी ब्यवस्थाप्रति, लेखापरिक्षण समितिसम्बन्धी ब्यवस्थाप्रति व्यवस्थापन पूर्णरुपमा सजग रही पालना गरिएको। यस कम्पनीले नियमकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र बिभिन्न निर्देशनहरु पूर्णरुपले पालन गर्दै आएको।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण:**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित हुन र निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

ORIENTAL HOTELS LIMITED

**UNAUDITED FINANCIAL RESULTS (Quarterly)**

AT THE END OF 4th QUARTER ENDED ON 15th July, 2017 (Ashad 31, 2074)

Rs. In Lakhs

| Particulars | This Quarter Ending on 15 July 2017 Unaudited | Previous Quarter Ending on 31st March 2017 Unaudited | Corresponding Previous Year Quarter Ending on 15th July 2016 Audited |
|---|---|---|---|
| **CAPITAL & LIABILITIES** | | | |
| **Share Capital & Reserves** | | | |
| Share Capital | 7,917.26 | 7,917.26 | 6,597.71 |
| Reserve & Surplus | 2,535.85 | 2,005.23 | 2,011.85 |
| ***Sub Total*** | ***10,453.11*** | ***9,922.49*** | ***8,609.56*** |
| **Medium & Long Term Loans** | | | |
| Secured Loan | 6,601.78 | 6,449.44 | 6,446.26 |
| Unsecured Loan | - | - | - |
| ***Sub Total*** | ***6,601.78*** | ***6,449.44*** | ***6,446.26*** |
| **Deffered Tax Liability** | 611.06 | 611.06 | 611.06 |
| ***Grand Total*** | **17,665.95** | **16,982.99** | **15,666.89** |
| **ASSETS** | | | |
| **Fixed Assets :** | | | |
| (a) Gross Block | 24,094.86 | 22,022.16 | 21,774.20 |
| (b) Less : Accumulated Depreciation | 8,632.45 | 8,461.45 | 7,936.85 |
| ***Net Block*** | **15,462.41** | **13,560.72** | **13,837.35** |
| **Capital Work In Progress** | - | - | - |
| **Current Assets, Loans & Advances :** | | | |
| Inventories | 1,051.12 | 1,033.41 | 1,010.31 |
| Sundry Debtors | 2,372.04 | 2,944.64 | 2,384.94 |
| Cash and Bank | 2,993.42 | 2,544.49 | 1.660.12 |
| Loans & Advances | 2,888.01 | 3,034.66 | 2,616.77 |
| ***Total*** | **9,304.59** | **9,557.20** | **7,672.14** |
| **Less: Current Liabilities & Provisions** | | | |
| Trade & Other Payables | 5,256.14 | 2,687.17 | 4,811.10 |
| Provisions | 1,845.78 | 3,448.63 | 1,032.37 |
| ***Total*** | **7,101.91** | **6,135.79** | **5,843.47** |
| **Net Current Assets :** | **2,202.68** | **3,421.41** | **1,828.67** |
| Deferred Revenue Expenditure (to the extent not written off) | 0.86 | 0.86 | 0.86 |
| ***Grand Total*** | **17,665.95** | **16,982.99** | **15,666.89** |

UNAUDITED INCOME STATEMENT FOR THE 4th QUARTER ENDED ON 15th July 2017 (31 ASHAD, 2074)

Rs. In Lakhs

| Particulars | 16th July 2016 to 15th/07/2017 Unaudited | Upto Previous Quarter Ending on 31st March 2017 Unaudited | Corresponding Previous Quarter Ending on 15th July 2016 Audited |
|---|---|---|---|
| **INCOME :** | | | |
| Rooms, Restaurants, Banquets and Other Income | 11,550.62 | 8,187.35 | 9,048.77 |
| **EXPENDITURE :** | | | |
| Food and Beverage Consumed | 1,445.65 | 924.64 | 1,083.91 |
| Payments and Provisions for Employees | 2,377.63 | 1,390.92 | 1,903.33 |
| Operating & Administrative Expenses | 3,396.51 | 2,457.58 | 3,081.73 |
| **Total Operating Expenditure** | **7,219.79** | **4,773.14** | **6,068.97** |
| **Gross Operating Profit** | **4,339.83** | **3,414.21** | **2,979.81** |
| Interest | 487.07 | 468.39 | 555.64 |
| Depreciation Amortisation Expenses | 695.59 | 529.83 | 726.66 |
| **Net Profit (Loss) Before Bonus & Taxes** | **3,157.17** | **2,415.99** | **1,697.51** |
| Provision for Staff Bonus | 287.02 | 219.64 | 154.32 |
| **Net Profit (Loss) Before Tax** | **2,870.15** | **2,196.36** | **1,543.19** |
| Provision For Income Tax / Deferred Tax | 609.91 | 466.73 | 367.71 |
| **Net Profit After Tax** | **2,260.24** | **1,729.63** | **1,175.48** |

Note: If the Statutory Auditor, at the time of implementation of NFRS, notify or remarks to change the financial Statements, the same shall be changed accordingly.

Radisson




# अर्थ

बजार क्षेत्रलाई नांगो तारमुक्त राख्ने प्राधिकरणको योजना पूरा गर्न बजारबासीले जनप्रतिनिधिलाई सहयोग गर्ने र दबाब दिने भएका छन्।

2017, AUG
Sunday
13

# तनहुँ जलविद्युत् आयोजनाको ठेकेदारको छनोट असोजभित्रै

काठमाडौं, (नेस)

१४० मेगावाटको तनहुँ जलविद्युत् आयोजना निर्माणका लागि असोजभित्रमा ठेकेदार कम्पनी छनोट गरी निर्माण शुरू गर्ने २०७९ असोजभित्र सम्पन्न गर्न लक्ष्य रहेको छ।

आयोजनाले डुवान क्षेत्रको जग्गा प्राप्तिका लागि हालसम्म करिब ४५ करोड रुपियाँ मुआब्जा वितरण गरेको आयोजनाले जनाएको छ। आयोजनाको अनुमानित लागत ५० करोड ५० लाख अमेरिकी डलर छ। यो लागत निर्माण अवधिको ब्याज र ग्रामिण विद्युतीकरण सहितको हो। आयोजनामा नेपाल सरकार, नेपाल विद्युत प्राधिकरण, एसियाली विकास बैंक (एडीबी), जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाईका र युरोपेली लगानी बैंक (इआईबी) को लगानी रहने छ।

यसैबीच स्थानीय तहमा सहजीकरण गर्न आयोजना प्रभावित तनहुँका चारै तहमा स्थानीय परामर्श मञ्च गठन गरिएको छ। आयोजना प्रभावित तनहुँका व्यास तथा भिमाद नगरपालिका र म्याग्दे तथा रिसिङ गाउँपालिकामा मञ्च गठन गरिएको हो।

आयोजनाबाट म्याग्दे गाउँपालिका वडा नम्बर १,२,३,४ र ५ प्रभावित हुन्छन्। आयोजनाले कार्यान्वयनमा ल्याएको पुनर्स्थापना तथा आदिवासी जनता योजनामा भएको व्यवस्था अनुसार मञ्च गठन गरिएको हो।

मञ्चमार्फत आयोजना निर्माणक्रममा स्थायीयरूपमा आउने गुनासाको दर्ता तथा सुनुवाई, आयोजनाको सूचना प्रभावित समक्ष पुगेको सुनिश्चित गर्ने, आयोजना र प्रभावितबीचको सम्पर्क कायम गरिने छ। आयोजना निर्माणका क्रममा आउने गुनासा प्रभावितले त्यही संयन्त्रमा राख्न सक्ने र सुनुवाईसमेत हुने व्यवस्था गरिएको छ।

मञ्चमा प्रभावित गाउँपालिका/नगरपालिकाका अध्यक्ष/प्रमुख संयोजक रहने व्यवस्था छ। प्रभावित वडाका वडाध्यक्ष, प्रभावित घरपरिवारमध्येबाट दुई जना (एक महिला तथा एक पुरुष), स्थानीय सरकारी निकाय (जस्तो विद्यालय, स्वास्थ्य चौकी, कृषि, वन कार्यालय)बाट एक जना, स्थानीय नागरिक समाज/बुद्धिजीवी, सामाजिक कार्यकर्ताबाट एक जना सदस्य रहने छन्। आयोजनाका प्रतिनिधिले मञ्चको सदस्य-सचिवको रूपमा काम गर्ने छन्।


JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रु. प्रति किलोग्राम

| स्थानहरु \ साइज | ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| | JAGDAMBA E | | | |
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500
EARTHQUAKE RESISTANT REBAR
NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।



ज्योति

हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।


# ७७ प्रतिशत जिल्लाबासीमा सञ्चारको पहुँच



प्रताप बानियाँ, म्याग्दी

जिल्लाका ८८ हजार जनता सञ्चारको पहुँचमा पुगेका छन्। नेपाल टेलिकम म्याग्दीको आर्थिक वर्ष २०७३/७४ को रेकर्ड अनुसार कुल ८८ हजार ३९९ जना म्याग्दीबासी सञ्चार सञ्जालसाग जोडिएका हुन्। २०६८ सालको जनगणनाअनुसार म्याग्दीको कुल जनसङ्ख्या १ लाख १३ हजार ६४१ रहेकोमा ७७ दशमलव ८ प्रतिशत नागरिक सञ्चारको पहुँचभित्र रहेको टेलिकम म्याग्दीले जनाएको छ।

टेलिकमका अनुसार जिल्लामा प्रिपेड मोबाइल सेवाका प्रयोगकर्ता ६९ हजार १८६ र स्काई फोनका १५ हजार २६३ जना रहेका छन्। यसैगरी पोस्टपेड मोबाइल बोक्ने १ हजार ६७८, ल्यान्डलाइन टेलिफोनका ग्राहक १ हजार ३०६ र सीडीएमएका ५०९ जना ग्राहकहरू रहेको टेलिकम म्याग्दीका प्रमुख विष्णुदेव शाहले बताउनुभयो।

ल्यान्डलाइन टेलिफोन सेवातर्फ म्याग्दी सदरमुकाम बेनीबजारमा मात्रै १ हजार २२२ जना ग्राहक रहेको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार धार्मिक क्षेत्र गलेश्वरमा ५१ र पर्यटकीय क्षेत्र घोरेपानीमा ३३ ग्राहकले ल्यान्डलाइन फोनको प्रयोग गर्दै आइरहेका छन्। त्यस्तै एडीएसएलतर्फ अनलिमिटेड इन्टरनेटको बेनीबजार, गलेश्वर र घोरेपानीमा ४३० ग्राहक रहेका छन्। भिस्याट टेलिफोनका भने जिल्लाभरी २६ जना ग्राहकहरू रहेको टेलिकमका प्रमुख शाहको भनाइ छ।

म्याग्दी जिल्लाको विभिन्न ठाउँमा गरी कुल ३१ ओटा बीटीएस सञ्चालनमा रहेकोमा मोबाइल २३, सीडीएमए ५ र वाईम्याक्सको ४ वटा टावर सञ्चालन गरिएको उहाँले बताउनुभयो।

सदरमुकामस्थित टेलिकमको कार्यालय, बेनीबजार क्षेत्र, क्याम्पसचोक, बेनी नगरपालिकाको ५ र ९ नम्बर वडामा मोबाइल फोनका लागि बीटीएस सञ्चालन गरिएको शाहले बताउनुभएको छ। बीटीएसतर्फ अन्नपूर्ण गाउँपालिकामा ६, रघुगंगामा २, मंगलामा ३, मालिकामा २ र धौलागिरि गाउँपालिकाको तीन ठाउँमा बीटीएसहरू सञ्चालनमा रहेको टेलिकम म्याग्दीका वरिष्ठ सहायक ईश्वरीप्रसाद आचार्यले बताउनुभयो। सीडीएमए सेवाको मालिका, अन्नपूर्ण गाउँपालिका र नगरपालिका क्षेत्रमा टावर सञ्चालन गरिएको छ भने वाईम्याक्स सेवाको नगरपालिकासहित मालिका र अन्नपूर्णमा बीटीएस जडान गरिएको उहाँले जानकारी दिनुभयो। यस्तै भिस्याट फोन सेवाका लागि जिल्लाको ११ वटा ठाउँमा टावर सञ्चालन गरिएको बताइएको छ।

चालू वर्षमा टेलिकम म्याग्दीले बीटीएस स्थापना गर्न विभिन्न ८ ठाउँका लागि आगामी योजना अगाडि सारेको बताएको छ। भौगोलिक विकटता रहे पनि जिल्लाको झण्डै सबै जनसंख्या कुनै न कुनै माध्यमबाट सञ्चारको पहुँचमा रहेको टेलिकमले दाबी छ। जिल्लामा एनसेल मोबाइलका समेत प्रयोगकर्ताहरू समेत रहेका छन् भने एउटै व्यक्तिले चार पाँच वटासम्म मोबाइल बोक्ने गरेको पाइएको छ। टेलिकमले पछिल्लो समय विभिन्न आकर्षक योजना ल्याएपछि इन्टरनेट चलाउने र मोबाइलका प्रयोगकर्ताहरू बढ्दै गएको जनाइएको छ।


## सुविस्ता बचत तथा ऋण सहकारी संस्था लि .

ठंहिटि , का.म.न.पा १७ ,काठमाडौं ।
फोन नं ४२५०६२२/०१६९१३७५८
सूचना प्रकाशित मिति २०७४/०४/२९ गते

आदरणीय शेयर सदस्य महानुभावहरु ।

**विषय :** नवौं वार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धमा ।

महोदय,

यस संस्थाको संचालक समितिको निर्णयअनुसार नवौं बार्षिक साधारण सभा तपसिल वमोजिम मिति, समय र स्थानमा गरिने भएको हुँदा यहाँको उपस्थितिको लागि निर्णयानुसार अनुरोध छ ।

**छलफल विषयहरु :**

१. अध्यक्षवाट प्रस्तुत आ.व.२०७३/०७४ संचालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व.२०७३/०७४ को लेखापरिक्षण पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०७३/०७४ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
४. आ.व. २०७४/०७५ को लेखापरिक्षक नियुक्ति तथा पारिश्रमिक तोकने सम्बन्धमा ।
५. आ.व. २०७४/०७५ को अनुमानित बजेट तथा कार्य योजना पारित गर्ने सम्बन्धमा ।
६. निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि नियुक्ति गर्ने सम्बन्धमा ।
७. विनियम शंशोधन गर्ने सम्बन्धमा ।
८. संस्थाको विभिन्न मितिमा भएको निर्णयहरुको अनुमोदन सम्बन्धमा ।
९. कार्यकारी प्रमुख सम्बन्धमा ।
१०. कोष अनुमोदन गर्ने सम्बन्धमा ।
११. विविध ।

**सभा बस्ने स्थान :** (नेपा:वैंक्वेट, लिंकरोड, खुसिवुं )
Nepa Banquet, LinkRoad, khusibun
**मिति** : २०७४ भाद्र ३१ गते (September 16th 2017) शनिश्चरबार
**समय** : उपस्थिति जनाउने २:३० वजे देखी ४:३० वजे सम्म
**सभा सूरु** : ४:३० वजे
**सभापछि** : रात्री भोजन ६:३० वजे उप्रान्त ।

आज्ञाले
(प्रेमकाजी बज्राचार्य)
सचिव


# सातामर सवा करोड कित्ता शेयर कारोबार

काठमाडौं, (नेस)

सातामा चार दिनमात्रै कारोबार भएको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक पहिलो दिनको तुलनामा ११ दशमलव ५२ अंकले घटेर अन्तिम दिन १६५३ दशमलव ५३ अंकमा पुगेको छ ।

साताभरी १ सय ६८ कम्पनीको शेयर कारोबार भएको छ। जसअनुसार ३४ हजार ७ सय ७३ कारोबारबाट ३ अर्ब ८१ करोड ८४ लाख ६० हजार रुपियाँ बराबरका १ करोड २१ लाख ३ हजार ५८० कित्ता शेयर खरिद बिक्री भएका छन्। कारोबार रकम गत साताको भन्दा २७ दशमलव ३० प्रतिशत कम हो। गत साता १ सय ६७ कम्पनीको ४४ हजार ४ सय ८८ कारोबारबाट ५ अर्ब २५ करोड २४ लाख १५ हजार रुपियाँबराबरको १ करोड ५ लाख ८० हजार ४९० कित्ता शेयर खरिद बिक्री भएका थिए।

यस साता 'क' वर्गका कम्पनीहरूको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पहिलो दिनको तुलनामा २ दशमलव शून्य ८ अंकले घटेर ३४७ दशमलव शून्य ३ अंकमा आईपुगेको छ।

यस साता कारोबार रकमका आधारमा नागरिक लगानी कोष अग्रस्थानमा रहेको छ। कारोबारका आधारमा नेपाल लाइफ इन्स्योरेन्स दोस्रो र स्ट्यान्डर्ड चार्टर्ड बैंक तेस्रो स्थानमा रहेका छन। साताभरीमा कोषको १९ करोड ५३ लाख १० हजार रुपियाँको बराबरको कारोबार भएको छ।

यसैगरी कारोबार भएको शेयर संख्याको आधारमा सिद्धार्थ इन्भेस्टमेन्ट ग्रोथ स्किम-१ अग्रस्थानमा रहेको छ। कारोबार भएको ४ दिनमा सिद्धार्थ इन्भेस्टमेन्टले ३१ लाख २७ हजार कित्ता खरिद बिक्री गरेको छ। कारोबार संख्याको आधारमा भने नेपाल लाइफ इन्स्योरेन्स कम्पनी अग्रस्थानमा रहेको छ। यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रको कुनै पनि कारोबार भएन। शेयर सूचीकरणतर्फ जनउत्थान सामुदायिक लघुवित्त विकास बैंकको चार हजार कित्ता बोनस शेयर र हिमालयन पावर पार्टनर कम्पनीको १ करोड ६ लाख ५४ हजार कित्ता शेयर सूचीकृत भएको छ।




# मनास्लु पदमार्गमा पहिरो, बाटोबाटै फर्किए पर्यटक

गोरखा, (नेस)

गोरखाको चुमनुब्री गाउँपालिका अन्तर्गत मनास्लु पदमार्गको चुम्लिङ र लोक्पाको बीचमा पहिरो खसेको छ। पहिरो खसेपछि स्थानीयसँगै मनास्लु पदमार्ग भएर चुमभ्याली जानका लागि हिँडेका पर्यटक बीच बाटोबाटै फर्किन बाध्य भएको टुरिस्ट गाइड समेत रहेका छेकम्पारका धावा लामाले जानकारी दिनुभयो।

'पहिरोले मानिस आवातजावतमा पनि समस्या भएको छ' लामाले भन्नुभयो-'गाउँका मान्छे जोखिम मोलेरै भए पनि हिँडेका छन्। विदेशी भने फर्किन थालेको छ।' त्यस्तै उत्तरी गोरखाको एक मात्र खाद्यान्न ढुवानीको माध्यम खच्चड पनि पहिरो वारी भएका वारी नै पारी भएका पारी नै भएको उहाँले जानकारी दिनुभयो। खच्चड सोबाटो भएर सामान लिएर नहिँडेको चार दिन भइसकेको लामाको भनाइ छ।

'मान्छे त्यहि बाटो नहिँडे उपाए नभएर ज्यानको बाजी थापेर हिँडेको छ।' उहाँले भन्नुभयो-'यहाँ आएका विदेशीमाथि जान सकेनन् अनि खच्चडले सामान गाउँ लैजान पाएन।' उहाँका अनुसार मनास्लु क्षेत्र घुम्न आएका अमेरिकन, टर्कीस्, मेक्सिकोका पर्यटकलाई पहिरोको गएको पदमार्ग हुँदै चुम भ्याली जान नसकेर फर्काइएको लामाको भनाइ छ। मनास्लु संरक्षण क्षेत्र आयोजना (एमक्याप) का राम भट्टका अनुसार पदमार्गमा गएको पहिरोको कारण मानिस सामान बोकेर आवात जावत गर्न नसकेर बीच बाटोबाटै फर्किन थालेका छन्।

# आर्थिक समृद्धिका लागि युवा परिचालनमा जोड

काठमाडौं, (नेस)

राष्ट्रपति विद्यादेवी भण्डारीले मुलुकको आर्थिक समृद्धिका लागि युवा लक्षित दुरदृष्ठिका नीति र कार्ययोजनाहरू बनाईनुपर्ने बताउनुभएको छ। अन्तराष्ट्रिय युवा दिवसका अवसरमा युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय युवा परिषद्ले आयोजना गरेको एक कार्यक्रममा मुलुकको सामाजिक आर्थिक परिवर्तनका लागि युवा शसक्तिकरणका कार्यक्रमहरू ल्याइनुपर्ने उहाँले बताउनुभयो।

राष्ट्रपति भण्डारीले भन्नुभयो 'युवालाई मुलुकभित्रै रोजगारका अवसर, उद्यमशीलता विकास तथा ज्ञान, सीप र प्रविधिको विकासका लागि युवामैत्री नीति तथा कार्यक्रमहरू ल्याउन जरुरी छ।' आर्थिक समृद्धि र दिगो विकासका लागि युवा लक्षित कार्यक्रमहरूले प्रशय पाउनुपर्ने उहाँले बताउनुभयो। उच्च शिक्षा र प्राविधिक दक्षता पनि आवश्यक रहने भन्दै राष्ट्रपति भण्डारीले शिक्षित जनशक्तिलाई राष्ट्रिय पूँजीका रूपमा युवा जनशक्तिलाई स्वदेशभित्र अवसर सिर्जना गरेर परिचालन गरिनुपर्ने बताउनुभयो।

कार्यक्रममा युवा तथा खेलकुदमन्त्री राजेन्द्र कुमार केसीले युवाहरूलाई नयाँ उर्जा र सोचका साथ मुलुकका विभिन्न आर्थिक गतिविधिमा लाग्न आग्रह गर्दै युवा लक्षित नीति तथा कार्यक्रमका लागि आफुले सक्दो प्रयास गर्ने बताउनुभयो। मुलुकको कुल जनसंख्याको ४० प्रतिशत युवा रहेको भएपनि अधिकांश विदेसिदा मुलुकको आन्तरिक उत्पादन घट्दै गएको केसीले बताउनुभयो। सोही कार्यक्रममा राष्ट्रपति भण्डारीले दश जना प्रतिभाशाली युवा उद्यमी र नौ जना युवालाई ट्यालेन्ट हन्ट सम्मान प्रदान गर्नुभयो।

# ट्रान्सफर्मर अलपत्र

हेटौंडा, (नेस)

थाहानगरको शिखरकोटका विद्युत् उपभोक्ता हैरान भएका छन्। ट्रान्सफर्मरको क्षमताभन्दा बढी बितरण गरिएको लाइन, पिकआवरमामिल, हिटर, वेल्डिङ मेसिन र फर्निचरजस्ता अधिक क्षमताका विद्युतीय सामग्री प्रयोगले शिखरकोट बजार क्षेत्रमा फ्युजभ्करेर बत्ति जाने समस्याले उनीहरू आक्रान्त बनेका हुन्।

त्यहाँ यस्तो भएको वर्षौं भइसकेको स्थानीय बताउँछन्। यसैबीचमा धेरै पटक शिखरकोटका युवाले प्राधिकरणसमक्ष गुनासो गरी उच्चक्षमताको ट्रान्सफर्मर जडानका लागि आग्रह गरेका थिए। प्राधिकरण ट्रान्सफर्मर दिन तयार भए पनि उनीहरूले सम्भावना औंल्याएका ठाउँ कोइलीगैरी र चौकी (उद्योग वाणिज्य चोक) का जग्गाधनीले मञ्जुरी नदिँदा पटक-पटकको प्रयास बेकार हुँदै गएको स्थानीयले बताएका छन्। पालुङ बितरण केन्द्रमा उपलब्ध रहेको २ सय केभी क्षमताको ट्रान्सफर्मर राख्न असारमा ठेक्का आह्वान भइसकेको छ।

हालनिर्वाचित स्थानीय जनप्रतिनिधिहरूसँग उनीहरूले नगरको मुख्यबजार क्षेत्रसमेत भएकाले शिखरकोटका बासिन्दाको यस्तो समस्या समाधान गर्न अनुरोध गरेका छन्। जग्गाधनीले स्वीकृति दिए दशैं अगावै बजारबासी यस्तो समस्याबाट मुक्त हुने उनीहरूको विश्वास छ।

प्राधिकरण पालुङ बितरण केन्द्र प्रमुख शिव नेपालले ट्रान्सफर्मर राख्ने जग्गाको मुआब्जाको प्रावधान नभएको र स्थानीयलाई आफ्नो जग्गाको माया लाग्ने भएकाले समस्या देखिएको बताउनुभयो।




## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड
## को
## धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्रीको पुनः ७ (सात) दिने सूचना

**प्रकाशन मितिः- २०७४/०४/२९**

तपसिलमा उल्लेखित तपाई ऋणीहरुले साविक नेपाल हाउसिङ्ग एण्ड मर्चेण्ट फाइनान्स लि. तथा प्रिमियर फिनान्स लि. हाल सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न तथा अचल जायजेथा लिलाम बिक्री गर्ने बारेमा तपाईलाई मिति २०७०/१०/२९ र मिति २०७१/१२/०४ मा नागरिक राष्ट्रिय दैनिक पत्रिका, मिति २०७२/०४/०१ मा कारोबार राष्ट्रिय दैनिक पत्रिका, मिति २०७२/०४/२३ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका, र मिति २०७२/०९/०२ मा नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्न तथा अचल जायजेथा लिलाम बिक्रीको ३५ (पैंतीस) दिने सूचना तथा मिति २०७१/११/०४ मा नागरिक राष्ट्रिय दैनिक पत्रिका, मिति २०७२/०९/२८ मा कारोबार राष्ट्रिय दैनिक पत्रिका, मिति २०७२/११/१८ मा राजधानी राष्ट्रिय दैनिक पत्रिका, मिति २०७३/०२/१९ मा नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिका, मिति २०७३/०५/१५ मा आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका, मिति २०७३/०५/१६ मा आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्न तथा अचल जायजेथा लिलाम बिक्रीको १५ दिने सूचना तथा मिति २०७२/०१/१० मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा, मिति २०७२/०१/२८ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा लिलाम बिक्रीको ७ दिने सूचना तथा मिति २०७३/११/२८ मा राजधानी राष्ट्रिय दैनिक पत्रिका र मिति २०७४/०१/२५ मा हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने लिलाम बिक्रीको सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ता समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले कर्जा सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधरणको जानकारीको लागि यो पुनः यो **७ (सात)** दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आह्वान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, नारायणहिटी पथमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्धा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

### तपसिल

**१. कर्जा शिर्षक : अधिविकर्ष कर्जा**

**ऋणीको नाम र ठेगाना**



नाम : पञ्चमाया भुजेल
बाबु : मंगल बहादुर तामाङ
पति : हरि बहादुर भुजेल
ठेगाना : वाडेगाउँ वडा नं. ३, सिन्धुपाल्चोक
ना.प्र. नं.: १५३४९४ (सिन्धुपाल्चोक)

**जमानीकर्ताको नाम र ठेगाना**



नाम : हरि बहादुर भुजेल
बाबु : हिक्मत बहादुर भुजेल
बाजे : प्रेम बहादुर भुजेल
ठेगाना : वाडेगाउँ वडा नं. ३, सिन्धुपाल्चोक
ना.प्र. नं. : ८३७/२५०७ (सिन्धुपाल्चोक)

**धितो राखिएको सम्पत्ति विवरण**

**धितो सुरक्षण धनीको नाम :- पञ्चमाया भूजेल**

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (रोपनी) | कैफियत |
|---|---|---|---|---|---|
| काठमाण्डौ | गोकर्ण (गोकर्णेश्वर) | २ | १२३ | ०-४-०-० | सो जग्गामा निर्माण भएको र भविष्यमा निर्माण हुने घर र सो को लिग लगापात समेत। |
| काठमाण्डौ | गोकर्ण (गोकर्णेश्वर) | २ | १७४ | ०-१०-०-० | |
| काठमाण्डौ | का.म.न.पा. | ६ | ३०४ | ०-३-०-० | |
| काठमाण्डौ | डाछीं (थलिडांछी) | २ ख | ५६१ | ०-०-२-० | |
| काठमाण्डौ | डाछीं (थलिडांछी) | २ ख | ५७० | ०-३-२-० | |

**धितो सुरक्षण धनीको नाम :- रमिता तुलाधर**

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (रोपनी) | कैफियत |
|---|---|---|---|---|---|
| काठमाण्डौ | डाडा पौवा (रामकोट) | ७ | ७११ | ०-८-३-० | सो जग्गामा निर्माण भएको र भविष्यमा निर्माण हुने घर र सो को लिग लगापात समेत। |

**२. कर्जा शिर्षक : अधिविकर्ष कर्जा**

**ऋणीको नाम र ठेगाना**



नाम : सुनिल भण्डारी
बाबु : रुद्र ब. भण्डारी
बाजे : कृष्ण ब. भण्डारी
ठेगाना : दहचोक वडा नं. ४, काठमाण्डौ
ना.प्र.नं.: ८९०१ (काठमाण्डौ)

**जमानीकर्ताको नाम र ठेगाना**



नाम : किरण खत्री
बाबु : बम बहादुर खत्री
बाजे : दल बहादुर
ठेगाना : वाडभञ्ज्याङ वडा नं. १, काठमाण्डौ
ना.प्र.नं.: १९६५ (काठमाण्डौ)

**जमानीकर्ताको नाम र ठेगाना**



नाम : मायाँ खत्री
बाबु : हरि बहादुर खत्री
पति : किरण खत्री
ठेगाना : वाडभञ्ज्याङ वडा नं. १, काठमाण्डौ
ना.प्र.नं.: २७१०५०/९५८६० (काठमाण्डौ)

**धितो राखिएको सम्पत्ति विवरण**

**धितो सुरक्षण धनीको नाम :- सुनिल भण्डारी**

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाहा) | कैफियत |
|---|---|---|---|---|---|
| मोरंग | मधुमल्ला | ५ ट | ५९१ | १-१०-०-० | सो जग्गामा निर्माण भएको र भविष्यमा निर्माण हुने घर र सो को लिग लगापात समेत। |

**३. कर्जा शिर्षक : अधिविकर्ष कर्जा**

**ऋणीको नाम र ठेगाना**



नाम : विक्रम जवेगु
बाबु : पृथी राज जवेगु
बाजे : शमसेर जंग जवेगु
ठेगाना : याङनाम गा.वि.स. वडा नं. ६, पाँचथर
ना.प्र.नं.: ११३९२ (पाँचथर)

**जमानीकर्ताको नाम र ठेगाना**



नाम : वासुदेव पाण्डे
बाबु : ओधराज पाण्डे
बाजे : जिवनिधि पाण्डे
ठेगाना : गुन्जानगर गा.वि.स. वडा नं. ५, चितवन
ना.प्र.नं.: ११९ (चितवन)

**जमानीकर्ताको नाम र ठेगाना**



नाम : दिल बहादुर राई
बाबु : महल सिं राई
बाजे : पदमध्वज राई
ठेगाना : दुर्छिम गा.वि.स. वडा नं. ४, खोटाङ
ना.प्र.नं.: ५७४६/४० (काठमाण्डौ)

**धितो राखिएको सम्पत्ति विवरण**

**धितो सुरक्षण धनीको नाम :- दिल बहादुर राई**

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाहा) | कैफियत |
|---|---|---|---|---|---|
| मोरङ्ग | मीर्गौलिया | ७/७घ | ४९ | ०-१७-१६-२ | सो जग्गामा निर्माण भएको र भविष्यमा निर्माण हुने घर र सो को लिग लगापात समेत। |
| मोरङ्ग | मीर्गौलिया | ७/७घ | ६१ | ०-११-१०-० | |

**४. कर्जा शिर्षक : अधिविकर्ष कर्जा**

**ऋणीको नाम र ठेगाना**



नाम : दिल बहादुर राई
बाबु : महल सिं राई
बाजे : पदमध्वज राई
ठेगाना : दुर्छिम गा.वि.स. वडा नं. ४, खोटाङ
ना.प्र.नं.: ५७४६/४० (काठमाण्डौ)

**जमानीकर्ताको नाम र ठेगाना**



नाम : वासुदेव पाण्डे
बाबु : ओधराज पाण्डे
बाजे : जिवनिधि पाण्डे
ठेगाना : गुन्जानगर गा.वि.स. वडा नं. ५, चितवन
ना.प्र.नं.: ११९ (चितवन)

**जमानीकर्ताको नाम र ठेगाना**



नाम : विक्रम जवेगु
बाबु : पृथी राज जवेगु
बाजे : शमसेर जंग जवेगु
ठेगाना : याङनाम गा.वि.स. वडा नं. ६, पाँचथर
ना.प्र.नं.: ११३९२ (पाँचथर)

**जमानीकर्ताको नाम र ठेगाना**



नाम : विक्रम राई
बाबु : दिल बहादुर राई
बाजे : महल सिं राई
ठेगाना : दुर्छिम गा.वि.स. वडा नं. ४, खोटाङ
ना.प्र.नं.: १२१०४८/२१५ (खोटाङ)

**धितो राखिएको सम्पत्ति विवरण**

**धितो सुरक्षण धनीको नाम :- दिल बहादुर राई**

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (विगाहा) | कैफियत |
|---|---|---|---|---|---|
| मोरङ | मीर्गौलिया | ७/७घ | ४९ | ०-१७-१६-२ | सो जग्गामा निर्माण भएको र भविष्यमा निर्माण हुने घर र सो को लिग लगापात समेत। |
| मोरङ | मीर्गौलिया | ७/७घ | ६१ | ०-११-१०-० | |

**५. कर्जा शिर्षकः ओभरड्राफट कर्जा**

**नाम : रम्बे कलेक्शन**
**ठेगानाः का.म.न.पा -३२, काठमाण्डौ**
**रजिष्ट्रेसन नं. : १११६९१/०६९/०७० (वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, काठमाण्डौ)**
**पान नं. : ६०११८००८२**

**संचालक तथा जमानतकर्ता :**

नाम : विनु श्रेष्ठ
बाबु : रवि नाथ श्रेष्ठ
पति : राज कुमार डंगोल
ठेगाना : बज्रयोगिनी - २, काठमाण्डौ
ना.प्र.नं.: २०८९९

नाम : राज कुमार डंगोल
बाबु : कृष्णभक्त डंगोल
बाजे : खडक बहादुर
ठेगाना : बज्रयोगिनी - २, काठमाडौं
ना.प्र.नं.: ९२७६/०५०/५/११

**धितो राखिएको सम्पत्ति विवरण**

**जग्गाधनिको नाम : राज कुमार डंगोल**

| जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल (रोपनी) | कैफियत |
|---|---|---|---|---|---|
| ललितपुर | लामाटार | ५/ट | १३१ | १-०-०-० | सो जग्गामा निर्माण भएको र भविष्यमा निर्माण हुने घर र सो को लिग लगापात समेत। |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटी पथमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

**लिलाम खोलिने मिति :- २०७४/०५/०५ गते**

**समय :- दिउँसो ४:०० बजे**

**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटी पथ, काठमाडौं।**

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA




# राष्ट्रिय टिममा तीन नयाँ खेलाडी

काठमाडौं, (नेस)



राष्ट्रिय टिम छनोटका रूपमा समेत रहेको आठौं अम्बिकाबहादुर क्षत्री स्मृति खुला जुडो प्रतियोगितामा शनिबार तीन खेलाडीले राष्ट्रिय टिममा स्थान बनाएका छन्।

पहिलो दिन पुरुष तथा महिलातर्फ समान ४-४ गरी ८ स्पर्धामा प्रतिस्पर्धा भएको थियो। राष्ट्रिय टिममा पर्न सफल तीनैखेलाडी महिला हुन्। पुरुषमा भने पुरानै अनुहारले निरन्तरता पाए।

महिलाको ४८ केजीमुनि त्रिभुवन आर्मी क्लबकी सुमित्रा राई, ७० केजीमुनि १३औं दक्षिण एसियाली खेलकुद (साग) की कांस्य विजेता गंगा चौधरी र ७८ केजीमाथि आर्मीकी आकृति जोशीले राष्ट्रिय टिममा स्थान बनाए।

फाइनलमा सुमित्राले आफ्नै क्लबकी सुस्मिता लवतलाई पराजित गरिन्। यो तौलसमूहमा यसअघि नेपाल प्रहरी क्लबकी सरिता चौधरी राष्ट्रिय टिममा थिइन्। सरिता प्रतियोगितामा सहभागी भइनन्। गंगाले सितु बोर्डिङ स्कुलकी मग्नोलिया श्रेष्ठलाई फाइनलमा हराइन्। राष्ट्रिय टिममा रहेकी न्यु होराइजन क्लबकी सुनीता मगर ताम्राकार शीर्ष तीन स्थानमै अटाइनन्। त्यस्तै आकृतिले राष्ट्रिय टिममा रहेकी कञ्चनपुरकी सुनीता बोहराको चुनौती समाप्त पारिन्।

स्व. अम्बिकाबहादुरका परिवारको प्रायोजनमा नेपाल जुडो संघद्वारा आयोजित प्रतियोगिताको महिला ५७ केजीमुनि १३औं सागकी रजत विजेता आर्मीकी मनीता श्रेष्ठ प्रधान पहिलो भइन्। मनीताले फाइनलमा नेपाल एपीएफ क्लबकी देवीका खड्कालाई पाखा लगाइन्।

सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा भएको पुरुषको ५५ केजीमुनि बन्दी सहायता नियोग (पाम) का रोशनबहादुर दोङ पहिलो भए। उनले फाइनलमा ओसिडका हरिराम चौधरीलाई निराश पारे। ६६ केजीमुनि १३औं सागका कांस्य विजेता पामका इन्द्रबहादुर श्रेष्ठ पहिलो भए। उनले फाइनलमा रसुवाका सुनील नगरकोटीलाई पन्छाए।

पुरुष ८१ केजीमुनि केन्द्रीय जुडो डोजोका मोहन सुनुवारले शीर्ष स्थान हात पारे। मोहनले निर्णायक भिडन्तमा प्रहरीका मनीष महतोमाथि जित रचे। १०० केजीमुनि प्रहरीका रविन श्रेष्ठले फाइनलमा आर्मीका शिवबहादुर बरामलाई पाखा लगाउँदै पहिलो स्थान हात पारे।

पुरुषको ५५ केजीमुनिबाहेक सबै स्पर्धामा पहिलो हुने खेलाडीले राष्ट्रिय टिममा स्थान बनाउने प्रावधान छ। पुरुष ५५ केजीमुनिको तौल राष्ट्रिय टिम तयारीमा राखिएको छैन। महिलाको ४४ केजीमुनि तौलसमूह पनि राष्ट्रिय टिम तयारीमा समावेश छैन।

प्रतियोगिताको राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव केशवकुमार विष्टले एक कार्यक्रमबीच उद्घाटन गरे। प्रतियोगिताअन्तर्गत १६ स्पर्धामा विभिन्न २३ टिमका १ सय ४० खेलाडी सहभागी छन्। पुरुष-महिलामा समान ८-८ स्पर्धा समावेश छन्। अन्तिम दिन आइतबार पुरुष-महिलामा समान ४-४ स्पर्धामा भिडन्त हुनेछ।

# २०औं राष्ट्रिय पौडी बिहीबारदेखि

काठमाडौं, (नेस)

राष्ट्रिय खेलकुद परिषद्को तत्वावधान तथा नेपाल पौडी संघको आयोजनामा २० औं राष्ट्रिय पौडी प्रतियोगिता बिहीबारदेखि सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरको पौडी पोखरीमा हुने भएको छ।

प्रतियोगितामा ५ विकास क्षेत्र, त्रिभुवन आर्मी क्लब, नेपाल प्रहरी क्लब र नेपाल एपीएफ क्लबबाट १ सय ४४ खेलाडीको सहभागिता रहने पौडी संघका महासचिव जगत्मान श्रेष्ठले जनाएका छन्। ९५ पुरुष र ४९ महिला खेलाडीले विभिन्न २१ स्पर्धामा प्रतिस्पर्धा गर्नेछन्।

दुईदिने प्रतियोगितालाई सफलतापूर्वक सम्पन्न गर्न पौडी संघकी उपाध्यक्ष गीता राणाको संयोजकत्वमा मूल आयोजक समिति गठन गरिएको छ।

# न्यु समिट र लोयल्टी विजयी

काठमाडौं, (नेस)

न्यु समिट र लोयल्टी एकेडेमीले १२औं क्वीक्स ग्रिनल्यान्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा शनिबार सफलता हात पारेका छन्।

धापासीस्थित आयोजक ग्रिनल्यान्ड स्कुलको कोर्टमा भएको सिनियर ब्वाइजको खेलमा न्यु समिटले मञ्जुघोस्वा एकेडेमीलाई ३३-२८ को स्कोरमा हराउँदा प्रवीण लामाले सर्वाधिक १३ स्कोर गरे। त्यस्तै लोयल्टी एकेडेमीले इनर्नोभेटिभलाई ३४-२८ ले हरायो। सिनियर ब्वाइजकै अन्य खेलमा अभियान पब्लिक, एचएचसीए र गोल्डेनपिकले सफलता हात पारे। अभियान पब्लिकले काठमाण्डौं विद्याकुञ्जलाई ५१-४२ को स्कोरमा रोक्यो। एचएचसीएले सेन्ट जोसेफलाई ५४-४३ ले हराउँदा राजकुमार राईले सर्वाधिक १५ स्कोर गरेका थिए।

प्रतियोगिताको दोस्रो दिन गोल्डेनपिकले भने दोहोरो सफलता हात पारेको छ। सिनियर ब्वाइजको खेलमा गोल्डेनपिकले सेबलाई ५०-३४ हराउँदा जुनियर ब्वाइजमा त्रिज्योतिलाई १९-१५ स्कोरमा रोक्यो।







## धरहरा

### मधेस डुब्दा कता हजुर?



बाढी र पहिरोले अहिले मुलुक आक्रान्त बनेको छ। पहाडी भेगमा पहिरोको चपेटामा जनता परेका छन् भने तराई क्षेत्रमा डुबानको समश्या छ। जुन ज्यादै दु:खपूर्ण अवस्था हो। मधेसलाई गाह्रो पर्दा पहाड वा हिमालले सघाउनुपर्छ र हिमाल वा पहाडमा अप्ठेरो पर्दा तराईले सघाउनुपर्छ र सघाइरहेको अवस्था पनि हो। यी भू-भाग एउटै शरीरका अंग भएकाले जता अप्ठेरो पर्दा पनि नेपाली मन दुख्ने गरेको छ। यो स्वभाविक पनि हो। किनकि जुन अंगमा घाउ भए पनि शरीरलाई असजिलो हुन्छ।

फोहोरी राजनीतिले कहिलेकाहीं विवाद ल्याउने गरेको छ। धरहराले हिजो दूरबिन तराईका जिल्लाहरूमा केन्द्रित गर्दा मधेस केन्द्रित दलको चरोमुसो पनि त्यता देखेन। जनता सजिलोमा भएको बेलामा मधेसतिरका नेताहरू तिनै मधेसी जनतालाई भजाउन पछि पर्दैनन् तर अप्ठेरोमा परेको बेलामा त उनीहरू राजधानीमा नै पो आराम गरिरहेका देखियो। मधेसका शीर्ष नेता त हिजो शनिबार दिनभरि देखेकोनदेखेकै गरेको पो पाइयो।

लु न लोकलाजकै लागि पनि जनताको उद्धार कार्यमा खटिनु पर्‍यो महाशयहरू। नत्र त फेरि अप्ठेरामा परेका बेलामा जनतालाई बेवास्ता गर्ने हो भनेपछि सजिलोमा भएको बेलामा सहयोग माग्न जानुभयो भने त मधेसी जनताले लखेट्लान् है। बरु चाँडोभन्दा चाँडो त्यता पुगेर उद्धार र राहत वितरणमा संलग्न भइहालौं।



# फेडेरर सेमिफाइनलमा

लन्डन, (एजेन्सी)

रोजर फेडेररले स्पेनका रोबेर्टो बाउटिस्टा अगटलाई हराएर क्यानडाको मन्ट्रियलमा जारी रोजर्स कपअन्तर्गत सेमिफाइनलमा स्थान बनाएका छन्।

यो ३६ वर्षीय फेडेररको लगातार १५औं जित थियो। स्विस खेलाडीले मात्र ६८ मिनेटमा सो खेल ६-४, ६-४ ले जितेका थिए। उनले फाइनल पुग्नका लागि वरीयताविहीन डच खेलाडी रोबिन हासेसँग खेल्नेछन्। फेडेररले उनको करिअरमा तेस्रो रोजर्स कप जित्ने लक्ष्य राखेका छन्। विश्व नम्बर एक एन्डी मुरे हिप इन्जुरीका साथै प्रतियोगिताबाट किनारा भएपछि फेडेररका लागि विश्व नम्बर एकमा पुन: उक्लने मौका हुनेछ। त्यस्तै अर्को सेमिफाइनल खेलमा क्यानडाका डेनिस सापोभालोभको जर्मनीका एलेक्सान्डर जेभेरेभसँग हुनेछ। सापोभालोभले बिहीबार विश्व नम्बर दुई राफाल नाडाललाई हराएका थिए।

यस्तै रोजर्स कपअन्तर्गत महिला सिंगल्समा क्यारोलिन वजनियाकीले विश्व नम्बर एक कारोलिना पिलिस्कोभालाई ७-५, ६-७, ६-४ ले हराइन्। डेनिस खेलाडी वजनियाकी पहिलो सेटमा ५-१ ले पछि थिइन् भने तेस्रो सेटमा ४-२ ले पछि परेकी थिइन्। चेक खेलाडीविरुद्ध खेल जित्न उनले करिब ३ घण्टा समय खर्चेकी थिइन्। उनले टोरोन्टोमा हुने सेमिफाइनल खेलमा अमेरिकाकी स्लोन स्टेफेन्ससँग खेल्नेछिन्। स्टेफेन्सले क्वार्टरफाइनलमा चेककी लुसी साफारोभालाई तीन म्याच प्वाइन्ट बचाएर ६-२, १-६, ७-५ ले पाखा लगाएकी थिइन्।

# आर्सेनलले उद्घाटन खेलमा हार टार्‍यो

लन्डन, (एजेन्सी)

वैकल्पिक खेलाडी ओलिभिइर गिरोउडको गोलमा आर्सेनलले यस सिजनको प्रिमियर लिग २०१७-१८ अन्तर्गत उद्घाटन खेलमा हार टारेको छ।

शुक्रबार राति भएको रोमाञ्चक खेलमा आर्सेनलले लेस्टर सिटीलाई ४-३ गोलअन्तरमा हराएको थियो। गनर्स (आर्सेनल) खेल सकिन ७ मिनेट बाँकी हुँदा हारको नजिक थियो। तर, ६५औं मिनेटमा मैदान प्रवेश गरेका आरोन रामसे र गिरोउडले दुई मिनेटअन्तराल गोल गरेपछि आर्सेनलले ३ अंक जुटायो। आफ्नै मैदान इमिरेट्समा आर्सेनल दुई पटक खेलमा पछि परेको थियो।

एलेक्सान्ड्रे लाकाजेटले ९४ सेकेण्डमै गोल गरेर आर्सेनललाई १-० को अग्रता दिलाएका थिए। यो लायोनबाट ४ करोड ६५ लाख पाउन्डमा आर्सेनलमा आएको लाकाजेटको क्लबमा डेब्यु गोल पनि थियो। यसपछि सिन्जी ओकाजाकीले दुई मिनेटपछि नै गोल फर्काउँदा लेस्टरले खेल १-१ बराबरीमा पुर्‍याएको थियो। जेमी भार्डीले २९औं मिनेटमा मार्क अलब्राइटनको क्रसमा गोल गरेर लेस्टरलाई २-१ को अग्रतामा राखेका थिए। तर, डेनी वेलबेकले पहिलो हाफको इन्जुरी समयमा गोल गरेर २-२ बराबरीमा ल्याएका थिए।

दोस्रो हाफमा लेस्टर फेरि भार्डीको गोलमार्फत् ५६औं मिनेटमा ३-२ को अग्रतामा आएको थियो। यो स्कोर रामसे र गिरोउडले गोल नगरुन्जेल स्थिर रहेको थियो। रामसेले ८३औं मिनेटमा गोल गर्दा ३-३ बराबरी भयो भने गिरोउडले ८५औं मिनेटमा गरेको गोलले आर्सेनलले जित हासिल गरेको थियो। गिरोउडको यो क्लबमा २ सय ३१ खेलबाट ९७औं गोल थियो। उनी सन् २०१२ मा मोन्टपेलिरबाट इमिरेटस् आएका थिए।

**लिभरपुल बराबरीमा**

वाटफोर्डका मिग्युल ब्रिटोसले ९३औं मिनेटमा बराबरी गरेपछि लिभरपुलले प्रिमियर लिगको पहिलो खेलमा ३ अंक जुटाउन सकेन। भिकारेज रोडमा शनिबार भएको खेलमा वाटफोर्डले लिभरपुललाई अन्तिममा ३-३ ले रोकेको हो। वाटफोर्डका स्टेफानो ओकाकाले गोल गरेपछि लिभरपुल ८ मिनेटमै पछि परेको थियो। २९औं मिनेटमा साडियो मेनले बराबरी गोल फर्काए भने ३ मिनेटपछि अब्दुलाय डउकोरले गोल गर्दा वाटफोर्ड पहिलो हाफमा २-१ को अग्रतामा रहेको थियो।

लिभरपुलका लागि रोबेर्टो फर्मिनोले ५५औं मिनेटमा प्राप्त पेनाल्टी सदुपयोग गरेर खेलमा फर्काए। सलाहले ५७औं मिनेटमा गोल थप्दा यर्जेन क्लोपको १ सयौं खेलमा जित हुने संकेत भएको थियो। तर, उरुग्वेका डिफेन्डर ब्रिटोसले क्लोज रेन्जबाट गोल गरेर लिभरपुलको जितको खुसीयालीमा बाधा तुल्याएका थिए।



गोलपछि ओलिभिइर गिरोउड

# चकबल टोली ताइवान प्रस्थान

काठमाडौं, (नेस)

दोस्रो विश्व बिच चकबल च्याम्पियनसिपमा सहभागी हुन ४ खेलाडीसहित ७ सदस्यीय नेपाली टोली शनिबार ताइवान काउसेङ प्रस्थान गरेको छ। अगस्ट १५ देखि १८ तारिखसम्म हुने च्याम्पियनसिपमा अशोक शाह, प्रदीपकुमार गुरुङ, सन्दीप गुरुङ र मोहन गुरुङले प्रतिस्पर्धा गर्नेछन्। तालिमका लागि ताइवानमै रहेका २ खेलाडी ईश्वरीदत्त पाण्डे र रवि ठकुल्ला पनि त्यतैबाट टोलीमा समावेश हुनेछन्। टोली प्रमुखमा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य फत्तबहादुर गुरुङ, टिम व्यवस्थापकमा जयराज जोशी र प्रशिक्षकमा त्रयलोकनाथ पाण्डे छन्। टोलीलाई सफलताको शुभकामना दिँदै राखेपका सदस्य-सचिव केशवकुमार विष्ट र नेपाल चकबल संघका अध्यक्ष भक्तबहादुर ठकुल्लाले सातदोबाटोमा शनिबारै एक कार्यक्रमबीच बिदाइ गरे।

# सिन्धु र फ्रिडम फाइनलमा

काठमाडौं, (नेस)

सिन्धु एफसी र फ्रिडम फाइटर प्रथम चावहिल कप खुला सिक्स 'ए' साइड पुरुष फुटबल प्रतियोगितामा शनिबार फाइनलमा प्रवेश गरेका छन्।

चावहिलको गणेशस्थानमा भएको पहिलो सेमिफाइनलमा सिन्धुले लुम्बिनी कलेजलाई ४-० गोलले पराजित गर्‍यो। जितमा आलिक तामाङ र सुबोध लामाले समान २-२ गोल योगदान गरे। चावहिल स्पोर्ट्स क्लबको आयोजनामा भइरहेको प्रतियोगिताको अर्को सेमिफाइनलमा फ्रिडमले गुरु गणेशलाई १-० गोलले हरायो। सन्तोष तामाङले निर्णायक गोल गरे। फाइनल सोमबार हुनेछ। विजेताले १ लाख र उपविजेताले ५० हजार नगद पुरस्कार प्राप्त गर्नेछन्।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, सम्पादक: लेखनाथ अधिकारी, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ